"सबैका लागि घर घरमा मानव अधिकार
शान्ति र विकासको आधार"

# मानव अधिकार सम्बन्धी जान्नै पर्ने कुराहरू



राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

"सबैका लागि घर घरमा मानव अधिकार

शान्ति र विकासको आधार"

# मानव अधिकार सम्बन्धी जान्नै पर्ने कुराहरू

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर - २०७१

**संयोजन** : मा. श्री गोविन्द शर्मा पौड्याल
सूर्य बहादुर देउजा

**प्रकाशक** : राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

**प्रकाशन मिति** : माघ २०७१

**संस्करण** : प्रथम

**प्रति** : ५०००/-

**प्रतिवेदन नं.** : रा. मा. अ. आ. १८८

**मुद्रण** : क्लासिक प्रिन्टिङ सर्भिस, अनामनगर, काठमाडौं
फोन : ०१-४२२४८१०

**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग, नेपाल

# राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरू

अध्यक्ष : माननीय श्री अनूपराज शर्मा

सदस्य : माननीय श्री प्रकाश शर्मा वस्ती

सदस्य : माननीय श्री सुदीप पाठक

सदस्य : माननीय श्री मोहना अन्सारी

सदस्य : माननीय श्री गोविन्द शर्मा पौड्याल

# मन्तव्य

सुरूमा मानव अधिकार आयोग ऐन, २०५३ अनुसार स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोग स्वतन्त्र र स्वायत्त राष्ट्रिय संस्था हो । पछि नेपालको अन्तरिम संविधान, २०६३ ले यसलाई संवैधानिक अङ्गको हैसियत प्रदान गरेको छ । आयोगको संवैधानिक हैसियत कायम भएपछि मानव अधिकार आयोग ऐन, २०५३ लाई खारेज गरी मानव अधिकार आयोग ऐन २०६८ अनुसार आयोगका काम कारवाही व्यवस्थित गरिएको छ । मानव अधिकारको प्रभावकारी संरक्षण र सम्वर्द्धन गर्नु आयोगको प्रमुख कर्तव्य भएकाले स्थापना कालदेखि नै आयोग मानव अधिकारको संरक्षण र प्रवर्द्धन कार्यमा क्रियाशील रहँदै आएको छ । नेपालले मानव अधिकारसम्बन्धी चौबीस ओटा अन्तर्राष्ट्रिय अभिलेखहरूको पक्ष राष्ट्र भएर मानव अधिकारको सम्मान र संरक्षणका लागि प्रतिवद्धता जनाइसकेको अवस्था छ । साथै, नौ ठूला महासन्धिमध्ये सातवटा महासन्धिको पक्षराष्ट्र भएको नेपालले संविधान र कानुनहरूमा समेत सोही अनुरूप नागरिक तथा मानव अधिकारहरू सुनिश्चित गर्ने दायित्व रहेको छ ।

मानव अधिकार संरक्षण र सम्वर्द्धन गर्ने प्रमुख कर्तव्य रहेको यस आयोगले "सबैका लागि घर घरमा मानव अधिकार शान्ति र विकासको आधार" भन्ने नारासहित मानव अधिकारका अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय अभिलेखहरूमा उल्लेख भएका अधिकारहरूका बारेमा चेतना, शिक्षा र सूचनामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यका साथ राष्ट्रिय मानव अधिकार आयोगले नेपालको संविधान, मानव अधिकार आयोग ऐन तथा मानव अधिकार सम्बन्धी विभिन्न सन्धि सम्झौतामा आधारित भएर, "मानव अधिकारसम्बन्धी जान्नै पर्ने कुराहरू" विषयक यो पुस्तिका प्रकाशनमा ल्याउने जमर्को गरेको छ ।

आयोगद्वारा प्रकाशित मानव अधिकार प्रश्नोत्तर संगालोलाइ सरलीकृत र परिमार्जन गरिएको यस पुस्तिकामा मानव अधिकारका समग्र विषयवस्तु

र अभिलेखहरूलाई समेट्न नसकिएको भएता पनि मानव अधिकारका आधारभूत अवधारणाहरूलाई प्रश्नोत्तरका रूपमा सरल भाषामा प्रस्तुत गरिएकाले सर्वसाधारणहरूलाई बुझ्न सजिलो हुनेछ भन्ने अपेक्षा गरिएको छ । साथै सबैका लागि घर घरमा मानव अधिकार अभियानलाई सार्थकता प्रदान गर्न यस पुस्तिकाले सहयोग पुऱ्याउने समेत अपेक्षा गरिएको छ ।

पुस्तिकाको लागि प्रबर्द्धन तथा वकालत सम्बन्धी नेतृत्व गर्नुहुने आयोगका माननीय सदस्य गोविन्द शर्मा पौड्याललाई विशेष धन्यवाद दिन चाहन्छु । यस पुस्तिकाको तयारी, सम्पादन तथा प्रकाशनका लागि योगदान दिनुहुने आयोगमा कार्यरत सूर्य बहादुर देउजा, खिमानन्द बस्याल, लगायत सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अनुपराज शर्मा
अध्यक्ष
राष्ट्रिय मानव अधिकार आयोग
माघ २०७१

## विषयसूची                    पेज


१. मानव अधिकार ........ १

२. राष्ट्रिय मानव अधिकार आयोग........ ८

३. नागरिक तथा राजनैतिक अधिकार ........ १९

४. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार ........ २३

५. जातीय भेदभाव विरूद्धको अधिकार........ २७

६. महिला अधिकार........ ३१

७. यातना विरूद्धको अधिकार ........ ३७

८. बालअधिकार........ ३९

९. आप्रवासी श्रमिकहरूको अधिकार ........ ४४

१०. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार ........ ४९

११. बलपूर्वक बेपत्ता विरूद्धको अधिकार........ ५२

१२. अन्तर्राष्ट्रिय मानवीय कानुन........ ५४

१३. आदिवासी जनताहरूको अधिकार........ ५७

# मानव अधिकार

## १. मानव अधिकार भनको के हो ?

उत्तर : मानव अधिकार भनेको मानिसलाई आत्मसम्मानपूर्वक बाँच्न नभई नहुने अति आवश्यक तत्व हो । यी तत्व पाउनु मानिसको नैसर्गिक हक हो, जुन परिपूर्ति नभएको वा हनन् भएको खण्डमा दाबी गरेर प्राप्त गर्न सकिन्छ । मानव अधिकार मानिसलाई मानिस भएका कारण प्राकृतिकरूपमा प्राप्त हुन्छ । त्यसकारण मानव अधिकारलाई जन्मसिद्ध अधिकार वा नैसर्गिक अधिकार पनि भन्छन् । पोसिलो खाना पेटभर खान पाउनु, कमसेकम आधारभूत शिक्षा अनिवार्य र निःशुल्क पाउनु, आधारभूत स्वास्थ्य सेवा पाउनु, सबैसरह समान व्यवहार पाउनु, विचार र अभिव्यक्ति स्वतन्त्रता पाउनु, आफूलाई असर पर्ने विषयको निर्णय गर्ने प्रक्रियामा सहभागी हुन पाउनु, पेसा तथा रोजगारी छनौट स्वतन्त्रता आदि मानिसका आधारभूत अधिकार हुन् ।

## २. मानव अधिकारलाई ऐनले कसरी परिभाषित गरेको छ ?

उत्तर : मानिसले मानिसकै हैसियतमा मर्यादित भएर बाँच्नका लागि आवश्यक पर्ने सबै अधिकारहरूलाई मानव अधिकार भनिन्छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ ले "मानव अधिकार" भन्नाले व्यक्तिको

जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ भनी परिभाषित गरेको छ ।

## ३. मानव अधिकारका मूलभूत सिद्धान्त के हुन ?

उत्तर : मानव अधिकारका सिद्धान्त भनेका मानव अधिकार दस्तावेजका सार हुन् । यिनै सिद्धान्तहरूको मनन र अभ्यासका आधारमा मात्र मानव अधिकारको प्रचलन सम्भव छ । निम्न लिखित कुरालाई मानव अधिकारका मूलभूत सिद्धान्तका रूपमा वर्णन गर्ने गरेको पाइन्छ :

**विश्वव्यापकता :** मानव अधिकारको सिर्जना अन्तर्राष्ट्रिय कानुनले गरेको हुनाले यो विश्वव्यापी हुन्छ । मानिसले मानिस भएको कारण प्राप्त गर्ने अधिकार भएको हुँदा मानव अधिकारका प्रावधान विश्वभरका मानिसका लागि समानरूपले लागु हुनुपर्छ ।

**समानता तथा अभेदभाव :** मानव अधिकारको मूल मर्म मानवीय आत्मसम्मान भएको र विभेदले आत्मसम्मानलाई निषेध गर्ने हुँदा समानता तथा भेदभावरहित मानव अधिकारको कार्यान्वयन अत्यन्त महत्वपूर्ण छ । सबै मानव अधिकार सबै मानिसले समानरूपले उपभोग गर्न पाउनुपर्छ । कानुन प्रयोग गर्दा कुनै पनि मानिसबीच जात, जाति, वर्ण, धर्म, लिङ्ग, वर्ग, जन्म (कस्तो कुलमा जन्मेको हो), शारीरिक अवस्था (जस्तै- अपाङ्गता, एचआइभी सङ्क्रमण) लगायत् कुनै पनि आधारमा भेदभाव गरिनु हुँदैन । कानुनका अगाडि सबै समान हुन्छन् । सबैले समानरूपमा आफ्ना अधिकार उपभोग गर्न सकुन् भन्नाका लागि आफ्ना अधिकार दाबी तथा संरक्षण गर्न नसक्ने कमजोरवर्गको अधिकार सुरक्षित गराउन राज्यले प्राथमिकता दिनुपर्छ ।

**अहस्तान्तरणीयता :** मानव अधिकारको मूल तत्व भनेको मानवीय आत्मसम्मानको रक्षा हो । जीवनको अधिकार भन्नु नै आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकार हो । मानवीय आत्मसम्मानविना मानव जीवन पशुतुल्य हुने हुँदा कुनै पनि मानिसलाई उसको कुनै अधिकारबाट वञ्चित गर्न मिल्दैन । मानव अधिकार अरूलाई हस्तान्तरण गर्न पनि मिल्दैन ।

**अन्तरनिर्भरता :** मानव अधिकार अविभाज्य हुनुका साथै तिनीहरू एक-अर्कासँग अन्तरनिर्भर र अन्तरसम्बन्धित पनि छन् । जस्तैः स्वास्थ्यको अधिकार पूरा हुन खाद्य, पानी, स्वच्छ वातावरण, यातना विरूद्ध, समानता लगायत विभिन्न अधिकार पूरा हुनु जरूरी हुन्छ । त्यसैगरी खाद्य अधिकार पूरा हुन रोजगारी, पेसा व्यवसाय तथा रोजगारी सम्बन्धी अधिकार पुरा हुनु पदर्छ ।

**अविभाज्यता :** मानव अधिकारलाई तिनको कार्यान्वयनका सन्दर्भमा यी अधिकार दिने/नदिने भनेर विभाजन गर्न मिल्दैन । मानव अधिकार अविभाज्य हुन्छन् भन्ने मान्यता राखिएको हुन्छ ।

## ४. के मानव अधिकारलाई छुट्ट्याएर प्रदान गर्न मिल्छ ?

उत्तर : सबै किसिमका अधिकार अन्तरनिर्भर र अविभाज्य भएकाले मानिसलाई ती अधिकार छुट्ट्याएर प्रदान गर्न मिल्दैन । एउटा मानिसलाई पोसिलो र पर्याप्त खाना, शिक्षा, स्वास्थ्यको अधिकार नदिने हो भने बोल्न पाउनुको कुनै सार हुँदैन । त्यसैगरी खाना, नाना, छानाको अधिकार दिने तर स्वतन्त्रतापूर्वक हिंडडुल गर्न, बोल्न, सङ्गठित हुन नदिने हो भने उसको जीवन मर्यादित रहँदैन ।

## ५. नागरिक तथा राजनैतिक अधिकार कस्तो अधिकार हो ?

उत्तर : मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले देहायका प्रमुख अधिकारहरू प्रदान गरेका छन् :

**जीवनको अधिकार :** हरेक व्यक्तिलाई बाँच्न पाउने अधिकार भएको, यसको कानुनद्वारा संरक्षण गरिने र स्वेच्छाचारी ढङ्गबाट कसैको पनि जीवन हरण नगरिने उल्लेख छ । साथै १८ वर्षमुनिका र गर्भवतीलाई मृत्युदण्ड दिन नहुने, सकेसम्म मृत्युदण्ड उन्मूलन गरिनुपर्ने, मृत्युदण्डको सजायँ भएका मानिसलाई माफी वा दण्ड कटौतीको माग गर्ने अधिकार हुने जस्ता कुरा यस अन्तर्गत पर्छन् । यो अधिकार सङ्कटकालमा समेत हरण गर्न नपाइने उल्लेख छ । (अनुवन्धको धारा ६)

**यातनाविरूद्धको हक :** यो हकअन्तर्गत कसैलाई पनि यातना नदिने तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार नगरिने र कसैमाथि पनि उसको मन्जुरीविना शरीरको अनुसन्धान वा वैज्ञानिक नपाइने कुरा पर्छ । यो अधिकार पनि सङ्कटकालमा समेत हरण गर्न पाइँदैन (धारा ७) । यातना तथा क्रूर, अमानवीय व्यवहारविरूद्ध छुट्टै महासन्धि पनि छ, जसको नेपाल पक्ष भइसकेको छ ।

**दासताविरूद्धको हक :** यस अन्तर्गत कसैलाई पनि दासत्वमा नराखिने, दासत्व र दास व्यापार निषेध गरिने, कसैलाई बाँधा श्रमिकका रूपमा नराखिने कुरा सङ्कटकालमा पनि हरण गर्न नसकिने अधिकारका रूपमा मानिएको छ । यसबाहेक यो अधिकार अन्तर्गत कसैलाई पनि इच्छाविरूद्ध काम गर्न वा अनिवार्य श्रम गर्न नलगाइने कुरा पनि पर्छ । (धारा ८)

**स्वतन्त्रता र सुरक्षाको अधिकार :** कसैलाई पनि स्वेच्छाचारी ढङ्गले पक्राउ गर्ने वा थुनामा राख्ने काम नगरिने, पक्राउ गरिएको व्यक्तिलाई पक्राउ पर्दाको समयमा नै त्यसको कारण र आरोपको जानकारी दिइने, पक्राउ गरिएको व्यक्तिलाई यथाशक्य चाँडो मुद्दा सुन्ने अधिकारीसमक्ष प्रस्तुत गरिनुपर्ने, गैरकानुनी थुनामा राखिनेलई क्षतिपूर्ति माग गर्ने अधिकार हुने कुरा यस अन्तर्गत पर्छ । (धारा ९)

**मानवोचित व्यवहारको अधिकार :** यस अन्तर्गत थुनामा राखिएका व्यक्ति

तथा कैदीलाई मानवीय तथा सम्मानजनक व्यवहार गरिने, अभियुक्त (अपराधको अभियोग लागेको व्यक्ति) र अपराधीका रूपमा सजायँ भोगिरहेका व्यक्तिलाई तथा बालअभियुक्तलाई वयस्कबाट अलग राखिने र कैदमा राखिँदा कैदीको सुधार तथा पुनर्स्थापना गर्ने हिसाबले व्यवहार गरिने अधिकार पर्छ ।

## ६. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार कस्तो अधिकार हो ?

उत्तर : आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अनुबन्धले देहायका प्रमुख अधिकारहरु प्रदान गरेका छन् :

- समानताको र भेदभाव विरूद्धको अधिकार
- रोजगारीको अधिकार
- संगठन तथा ट्रेड युनियन सम्बन्धी अधिकार
- सामाजिक सुरक्षाको अधिकार
- परिवारको संरक्षणको अधिकार
- आर्थिक सामाजिक शोषणबाट सुरक्षा पाउने अधिकार
- खाना, कपडा तथा आवासको अधिकार
- स्थास्थ्य सम्बन्धी अधिकार
- शिक्षाको अधिकार
- सांस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार

## ७. मानव अधिकारको संरक्षण भनेको के हो ?

उत्तर : मानव अधिकारको संरक्षण भन्नाले कसैको अधिकार उल्लङ्घन हुन लागेको अवस्थामा उल्लङ्घन हुनबाट रोक्ने र भइसकेको छ भने सो अधिकार बहाली गर्ने कार्य जनाउँछ । मानव अधिकार संरक्षण गर्नुको अर्थ नागरिकलाई कुनै पनि किसिमको हानि हुनबाट बचाउनु तथा अधिकार

उल्लङ्घन गर्ने अधिकारीलाई जिम्मेवार बनाई कानुनबमोजिम कारबाही गर्ने तथा पीडित पक्षलाई क्षतिपूर्तिलगायत्का उपयुक्त कानुनी उपचार प्रदान गर्नु हो । मानव अधिकार संरक्षण गर्नको लागि व्यक्तिका उजुरीहरूको आधारमा मात्र नगरी राज्यले स्वयं अधिकार परिपूर्तिको अनुगमन गर्ने कार्य गर्नु जरूरी हुन्छ । यसरी मानव अधिकार संरक्षणका लागि सरकारी निकाय, अदालत, मानव अधिकार आयोगलगायतका प्रशासनिक संयन्त्र स्थापना गर्नुका साथै अधिकारवाला, कर्तव्यवाला तथा आम नागरिकमा अधिकारप्रतिको सजगता महत्वपूर्ण हुन्छ ।

## ८. नौ ठूला महासन्धि भनेको के हो ?

उत्तर : मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनका निमित्त बनेका महासन्धिमध्ये नौ वटा महासन्धिमा हस्ताक्षर गरेका पक्ष राष्ट्रहरूले तिनमा व्यवस्था गरिएका अधिकारहरूको प्रचलन कत्तिको पालन गरे वा गरेनन् भनी अनुगमन गर्ने व्यवस्था नौ ठूला महासन्धिमा गरिएको छ ।

- जातीय विभेद सम्बन्धी महासन्धि, १९६५
- नागरिक र राजनैतिक अधिकार सम्बन्धी महासन्धि, १९६६
- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६
- महिला अधिकार सम्बन्धी महासन्धि, १९७९
- यातना विरूद्धको अधिकार सम्बन्धी महासन्धि, १९८४
- बाल अधिकार सम्बन्धी महासन्धि, १९८९
- आप्रवासी श्रमिक अधिकार सम्बन्धी महासन्धि, १९९०
- बलपूर्वक गरिएका बेपत्ता सम्बन्धी महासन्धि, २००६
- अपाङ्ग व्यक्तिहरु को अधिकार सम्बन्धी महासन्धि, २००६

प्रमुख ९ महासन्धिमध्ये जबर्जस्ती बेपत्ता पार्ने सम्बन्धी महासन्धि लागु भइसकेको छैन भने नेपाल आप्रवासी कामदारका अधिकार सम्बन्धी महासन्धिको पक्ष राष्ट्र भइसकेको छैन ।

## ९. मानव अधिकार संरक्षणका संयुक्त राष्ट्र सङ्घीय संयन्त्र के कस्ता छन् ?

उत्तर : सन् १९४५ मा स्थापना भएको संयुक्त राष्ट्र सङ्घभित्र मानव अधिकारको संरक्षणका लागि मूलतः २ किसिमका संयन्त्र छन् । पहिलो - सन्धिमा आधारित संयन्त्र (Treaty Based Bodies) जसले ठूला ९ महासन्धिका व्यवस्था अनुगमन गर्छ । दोस्रो - बडापत्रमा आधारित संयन्त्र (Charter Based Bodies) हो । यसले ठूला ९ महासन्धिका पक्ष भएका तथा नभएका संयुक्त राष्ट्र सङ्घका सबै सदस्य राष्ट्रमा मानव अधिकारको अनुगमन गर्छ ।

## १०. मावनीय कानुन भनेको के  हो ?

उत्तर : मानवीय कानुन भन्नाले सशस्त्र द्वन्द्वको समयमा मानव जीवनको रक्षा गर्न अपनाइने सर्वमान्य विधि र प्रक्रियाको सङ्गालो हो । यसले द्वन्द्वमा कहिल्यै सामेल नभएका व्यक्ति वा वर्तमानमा द्वन्द्वमा संलग्न नरहेका व्यक्तिको संरक्षण गर्छ । द्वन्द्वको समयमा द्वन्द्वका पक्षहरूले नागरिक जमात र द्वन्द्वमा संलग्न लडाकुहरूलाई स्पष्टसँग पृथक गर्नुपर्छ । कुनै पनि हालतमा नागरिक जमातलाई आक्रमण गर्न पाइँदैन । त्यस्ता आक्रमण लडाकुबीच सैन्य प्रयोजनका लागि मात्र हुन सक्छ । मानव अधिकार र मानवीय कानुन दुवैको उद्देश्य मानिसलाई अनावश्यक आइपर्ने दु:खबाट बचाउनु हो ।

# राष्ट्रिय मानव अधिकार आयोग

## ११. राष्ट्रिय मानव अधिकार आयोग के हो ?

उत्तर : राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि स्थापित संवैधानिक निकाय हो । मानव अधिकार आयोग ऐन, २०५३ अनुसार २०५७ जेठ १३ गते स्थापित यस आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ को भाग १५ अन्तर्गत संविधानको धारा १३१ देखि १३३ मा संवैधानिक निकायका रूपमा स्थापित गरेको छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ जारी भए पश्चात आयोगको काम कारवाही यसै ऐन अन्तर्गत भई आएको छ । मानव अधिकारको प्रभावकारी संरक्षण र प्रवर्द्धन गर्नु आयोगको प्रमुख कर्तव्य भएकाले स्थापनाकालदेखि नै आयोग मानव अधिकारको संरक्षण र प्रवर्द्धन कार्यमा क्रियाशील रहँदै आएको छ ।

## १२. पेरिस सिद्धान्त भनेको के हो ?

उत्तर : राष्ट्रिय मानव अधिकार संस्थाहरूको स्वतन्त्रता र स्वायत्तता र यी संस्थाहरूको काम, कर्तव्य र अधिकारहरूका बारेमा निर्देशित गर्नका लागि सन् १९९१ मा पेरिसमा सम्पन्न भएको राष्ट्रिय मानव अधिकार संस्थाहरूको सम्मेलनवाट पारित भई सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घद्वारा पेरिस सिद्धान्त जारी गरिएको (जसलाई छोटकरीमा पेरिस सिद्धान्त भनिन्छ) छ । पेरिस सिद्धान्तले आयोगको स्वतन्त्रता र स्वायत्तता, गठन

प्रक्रिया, पर्याप्त आर्थिक स्रोत सहितको आर्थिक स्वतन्त्रता, मानव अधिकार संरक्षण र सम्बर्द्धनका लागि पर्याप्त कार्याधिकार लगायतका विषयहरूलाई समेटेको छ । सोही सिद्धान्तमा आधारित भई राष्ट्रिय मानव अधिकार आयोग नेपालको स्थापना भएको हो । सोही सिद्धान्तका आधारमा मानव अधिकार संस्थाहरूको अन्तर्राष्ट्रिय समन्वय समितिले राष्ट्रिय मानव अधिकार संस्थाहरूको वर्गीकरण गर्ने गर्दछ जस अन्तर्गत यस आयोग स्थापना कालदेखि नै 'ए' हैसियतमा रहिआएको छ ।

### १३. नेपालको अन्तरिम संविधान, २०६३ मा आयोगको गठन सन्बन्धी के व्यवस्था गरिएको छ ?

उत्तर : आयोगका पदाधिकारीहरूको नियुक्ति बहुलवादको सिद्धान्तमा आधारित भई संवैधानिक परिषदको सिफारिसमा संसदीय सुनुवाइपश्चात् राष्ट्रपतिबाट हुने र आयोगका पदाधिकारीहरूको ६ वर्षको कार्यकाल रहने व्यवस्था गरिएको छ । आयोगमा अध्यक्ष लगायत अन्य चार जना सदस्यहरू गरी पाँच जना पदाधिकारी रहने संवैधानिक व्यवस्था छ । मानव अधिकारको संरक्षण र सम्बर्द्धनका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश पदबाट सेवा निवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र सम्वर्द्धन वा समाज सेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरूबाट एक जनालाई अध्यक्षमा नियुक्त गरिने व्यवस्था रहेको छ । त्यसैगरी मानव अधिकारको संरक्षण र सम्बर्द्धन वा समाज सेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट महिला सहितको विविधता हुने गरी चारजना सदस्यहरूको नियुक्ति हुने व्यवस्था अन्तरिम संविधानमा गरिएको छ ।

## १४. राष्ट्रिय मानव अधिकार आयोगको मुख्य कर्तव्यहरू के-के हुन् ? ती कर्तव्य पूरा गर्न आयोगले के-कस्ता कार्यहरू गर्दछ ?

उत्तर : नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ मा राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ । यस अनुसार मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख कर्तव्य हो । ती कर्तव्यहरु पूरा गर्न राष्ट्रिय मानव अधिकार आयोगले निम्न कार्यहरु गर्दछः

(क) कुनै व्यक्ति वा समूहको मानवअधिकार उल्लङ्घन वा त्यसको दुरूत्साहन भएकोमा पीडित व्यक्ति आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकले त्यसको छानबिन तथा अनुसन्धान गरी दोषीउपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारीउपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिका विरूद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लङ्घन कर्तालाई विभागीय कारबाही तथा सजायँ गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित प्रचलित कानुनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा सोको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुन बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घन कर्ताको रूपमा अभिलेख गर्ने ।

**१५. आयोगले मानव अधिकार संरक्षण सम्बन्धी कस्ता कार्यहरू गर्दछ ?**

उत्तर : आयोगले मानव अधिकारको संरक्षणसम्बन्धी निम्न कार्यहरु गर्दछ :

(क) मानव अधिकारको उल्लङ्घन र दुरूत्साहन रोक्ने सम्बन्धमा छानबिन र अनुसन्धान गर्ने,

(ख) नेपाल सरकार अन्तर्गतका निकाय, कारागार वा कुनै संस्थाको भ्रमण, निरीक्षण, अवलोकन गर्ने र मानव अधिकारको संरक्षणका लागि त्यस्ता संस्थाको काम कारबाही, भौतिक सुविधा आदिका सम्बन्धमा सुझाव दिने,

(ग) मानव अधिकारको प्रचलनका लागि संविधान तथा प्रचलित अन्य कानुनद्वारा दिइएको संरक्षणसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सिफारिस गर्ने,

(घ) मानव अधिकार स्थितिको अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने तथा सम्बद्ध पक्षलाई मानव अधिकारको स्थिति सुधारका लागि सुझाव दिने ।

## १६. आयोगले मानव अधिकारको सम्बर्द्धन सम्बन्धी कस्ता कार्यहरू गर्दछ ?

उत्तर : आयोगले मानव अधिकारको सम्बर्द्धन सम्बन्धी निम्नानुसारका कार्यहरु गर्दछ :

क) मानव अधिकार सम्बर्द्धनका लागि तालिम, गोष्ठी, सम्मेलन, आदि सञ्चालन गर्ने,

ख) सबै प्रकारका सञ्चार माध्यमको प्रयोग गरी स्थानीय तहसम्म मानव अधिकार सचेतना अभिवृद्धि गर्ने,

ग) मानव अधिकारका विभिन्न विषयमा जानकारी दिने पुस्तक-पुस्तिका, पत्रिका आदि प्रकाशन गर्ने,

घ) औपचारिक वा अनौपचारिक शिक्षा प्रणालीमार्फत् मानवअधिकार शिक्षाको प्रचारप्रसार गर्ने,

ङ) मानव अधिकारको संरक्षण सम्बन्धमा विद्यमान कानुनी प्रत्याभूतिहरुबारे लक्षित समुदायलाई अवगत तथा सचेत गराउने,

च) मानव अधिकारसम्बन्धी गैरसरकारी संस्थाहरुका प्रयासहरुलाई प्रोत्साहित गर्ने,

छ) मुलुकको विद्यमान मानव अधिकारको स्थितिका बारेमा नियमित समीक्षा गर्ने,

ज) मानव अधिकारको प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका आवश्यक अन्य कार्यहरु गर्ने ।

## १७. मानव अधिकारको उल्लङ्घन भएमा कहाँ र कसले उजुरी दिन सक्छ ? उजुरी दिएकै कारण कानुन बमोजिम मुद्दा चलाउन बाधा पर्छ कि पर्दैन ?

मानव अधिकार उल्लङ्घन भएमा राष्ट्रिय मानव अधिकार आयोगका कुनै पनि कार्यालयमा उजुरी गर्न सकिन्छ । त्यस्तो उजुरी गर्दा पीडित व्यक्ति आफैंले वा निजको तर्फबाट कसैले उजुरी दिन सक्छ । उजुरी दिंदा कुनै दस्तुर लाग्दैन । उजुरी दिएकै कारण कानुन बमोजिम मुद्दा चलाउन कुनै बाधा पर्दैन ।

## १८. आयोगमा मानव अधिकार उल्लङ्घन सम्बन्धी उजुरी कसरी र कुन–कुन माध्यमबाट गर्न सकिन्छ ?

उत्तर : उजुर गर्ने व्यक्ति आँफै उपस्थित भई वा पीडितका तर्फबाट कसैले लिखित वा मौखिक निवेदन दिएर, आयोगमा मानव अधिकार उल्लङ्घनसम्बन्धी उजुरी गर्न सकिन्छ । यस्तो उजुरी गर्दा निम्न माध्यमको प्रयोग गर्न सकिन्छ :

(क) लिखित वा मौखिक निवेदनबाट,

(ख) टेलिफोन मार्फत्,

(ग) हुलाक, द्रुत डाँक सेवा, आकाशवाणी (टेलिग्राम), टेलिफ्याक्स, टेलेक्स, फ्याक्स, इ–फ्याक्स, इमेल वा लिखित अभिलेख राख्न सकिने अन्य दूरसञ्चारका माध्यममार्फत् ।

## १९. आयोगमा मानव अधिकार उल्लङ्घन सम्बन्धी उजुरी दिंदा उजुर कर्ताले के–के कुरा खुलाउनु पर्छ ?

उत्तर : उजुरी दिंदा उजुरी कर्ताले निम्न कुराहरु खुलाउनुपर्छ :

(क) उजुरी गर्ने व्यक्तिको नाम, थर र ठेगाना,

(ख) कुनै संस्थाको तर्फबाट उजुरी परेको भए सो संस्थाको विवरण,

(ग) उजुरीको विषय,

(घ) उजुरी गर्नुपर्ने कारण,

(ङ) उजुरीको सङ्क्षिप्त व्यहोरा,

(च) उजुरीलाई समर्थन वा पुष्टि गर्ने कुनै प्रमाण,

(छ) उजुर कर्ताले माग गरेको उपचारको विवरण,

(ज) उजुरीको विषयमा अन्यत्र कुनै उजुरी गरेको भए त्यसको विवरण,

(झ) अन्य प्रासङ्गिक कुरा ।

## २०. अत्यन्त जरूरी विषयको उजुरी केलाई मानिन्छ ?

उत्तर : देहायको अवस्थाको मानव अधिकारको उल्लङ्घन/हनन् वा त्यसको दुरुत्साहनका विषयलाई अत्यन्त जरूरी विषय मानिनेछ :

(क) कसैको हत्या वा मृत्यु भएको वा हत्या वा मृत्यु हुने सम्भावना रहेको,

(ख) गम्भीर यातना दिएको,

(ग) मानसिक विक्षिप्त भएको,

(घ) कुनै समूह वा सम्प्रदाय नै पीडित भएको,

(ङ) बेपत्ता पारिएको वा पार्ने संभावना भएको,

(च) महिलामाथि हुने यौन दुर्व्यवहार भएको,

(छ) बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित उजुरी,

(ज) तत्काल त्यस्तो कार्य नरोकेमा मानव अधिकारको गम्भीर उलङ्घन वा मानवीय क्षति हुन सक्ने सम्भावना भएको ।

## २१. कस्ता कस्ता मानव अधिकार उल्लङ्घन ठहर भएमा क्षतिपूर्ति दिलाईने व्यवस्था छ ?

उत्तर : राष्ट्रिय मानव अधिकार आयोग उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली, २०६९ अनुसार क्षतिपूर्ति निर्धारणका आधारहरू : आयोगले नियम १८ (२) बमोजिम पीडितलाई क्षतिपूर्ति भराउने निर्णय/सिफारिस गर्दा देहायका कुराहरूलाई समेत आधार मान्नु पर्नेछ ।

(क) पीडितलाई भएको शारीरिक घाउ चोट र वास्तविक उपचार खर्चको अवस्था,

(ख) मानसिक पीडा / यातना,

(ग) सामाजिक मर्यादा,

(घ) पीडितको शारीरिक, मानसिक र आर्थिक अवस्था,

(ङ.) पीडकको चरित्र,

(च) मानव अधिकार उल्लङ्घनको घटनामा यस अघि संलग्न रहे नरहेको,

(छ) पीडकको आर्थिक अवस्था

## २२. मानव अधिकार उल्लङ्घन भएको ठहर भएमा क्षतिपूर्तिको लागि आयोगले के गर्छ ?

उत्तर : आयोगले मानव अधिकार उल्लङ्घन भएको ठहर गरेमा क्षतिपूर्ति दिलाउन सम्बन्धित निकायलाई लेखी पठाउने व्यवस्था छ । राष्ट्रिय मानव अधिकार आयोगको (उजुरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ मा क्षतिपूर्तिसम्बन्धी व्यवस्था छ ।

## २३. मृत्यु भएको ठहर भएमा आयोगले कस्तो क्षतिपूर्तिको लागि सिफारिस गर्दछ ?

उत्तर : मृत्यु भएको ठहर भएमा आयोगले क्षतिपूर्ति निर्धारण गर्ने आधार :

मानव अधिकार उल्लङ्घनको कारणबाट कसैको मृत्यु भएकोमा मृतकको परिवारलाई क्षतिपूर्ति भराउने निर्णय-सिफारिस गर्दा देहायका कुराहरूलाई समेत आधार लिनु पर्नेछ :

- मृतकको उमेर र निजको अर्थोपार्जन गर्न सक्ने क्षमता,
- मृतकसँग आश्रित रहेका परिवारको संख्या र निजहरूको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्युनतम खर्च,
- मृतकका नाबालक छोराछोरीको संख्या तथा निजहरूको पालन पोषण तथा निजहरूको उच्च माध्यमिक तहसम्मको पढाइ खर्च,
- मृतकको श्रीमान् वा श्रीमतीको उमेर, शारीरिक अवस्था तथा जीविकोपार्जनको माध्यम,
- मृतकको मृत्यु हुनु अघि निजलाई शारीरिक वा मानसिक यातना दिएको वा नदिएको,
- मृत्यु हुनुपूर्व मानव अधिकार उल्लङ्घन भएको कारणबाट भएको उपचार खर्चको रकम,
- मृतकको दाहसंस्कार तथा किरिया खर्च ।

## २४. यातना दिएको ठहर भएमा आयोगले कस्तो - कस्तो क्षतिपूर्तिको सिफारिस गर्दछ ?

- उत्तर : यातना दिएको ठहर भएमा क्षतिपूर्ति निर्धारण गर्ने आधार : यातना दिएकोमा क्षतिपूर्ति भराउने निर्णय/सिफारिस गर्दा देहायका कुराहरूलाई समेत आधार लिनुपर्ने हुन्छ :
- पीडितलाई पर्न गएको शारीरिक र मानसिक पीडाको मात्रा र त्यसको गम्भीरता,
- शारीरिक वा मानसिक क्षतिको अवस्था र त्यस्तो क्षतिको कारणबाट पीडितको आय आर्जन गर्न सक्ने क्षमतामा भएको ह्रास,
- उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति भै

कुनै व्यवसाय गर्न नसक्ने भएकोमा पीडित व्यक्तिको उमेर र निजको जीविकोपार्जनको माध्यम र पारिवारिक दायित्व,

- उपचार हुनसक्ने क्षति भएकोमा उपचार गराउँदा लागेको वा उपचार गराउन लाग्ने अनुमानित खर्च,
- उपचार हुनसक्ने किसिमको क्षति भएकोमा उपचार गराउन लाग्ने समय,
- तर आयोगले औषधोपचारको लागि लागेको खर्च छुट्टै भराउनका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन बमोजिम हुनसक्ने सजाय समेतको लागि सिफारिस गर्न सक्नेछ ।

## २५. गैर कानुनी थुनामा राखेको वा बेपत्ता पारेकोमा आयोगले कस्तो क्षतिपूर्ति निर्धारणको लागि सिफारिस गर्दछ ?

उत्तर : गैर कानुनी थुनामा राखेको वा बेपत्ता पारेकोमा क्षतिपूर्ति निर्धारण गर्ने आधार : गैर कानुनी रूपमा थुनामा राखिएकोमा वा बलपूर्वक बेपत्ता पारिएको विषयमा निर्णय/सिफारिस गर्दा देहायका कुराहरूलाई समेत आधार लिनु पर्नेछः–

- गैर कानुनी थुनामा राख्दाको अवस्था,
- गैर कानुनी थुनामा राख्दा पीडितउपर गरिएको व्यवहार,
- गैर कानुनी थुनामा राखिएको अवधि,
- गैर कानुनी थुनाको कारण पीडितलाई पर्न गएको शारीरिक वा मानसिक पीडा,
- गैर कानुनी थुनामा राख्दा पीडितलाई पर्न गएको आर्थिक नोक्सानी वा मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरूपयोग गरी कसैलाई बेपत्ता पारेको सम्बन्धमा क्षतिपूर्ति निर्धारण गर्नु पर्दा आयोगले छ महिना सम्मको अवधिको भए प्रत्यक दिनको ५०० रूपैया र छ महिना भन्दा बढी अवधिको भए रू. ३,०००००|– (तिन लाख) रूपैयाँ सम्म क्षतिपूर्ति निर्धारण गर्न सक्नेछ ।

## २६. भेदभाव गरी मानव अधिकार उल्लङ्घन गरेकोमा आयोगले कस्तो क्षतिपूर्तिको निर्धारण गर्ने आधारहरू छन् ?

उत्तर : कसैलाई जात, जाति, धर्म, वर्ण लिङ्ग, राजनैतिक अवस्था, उत्पत्ति, बसोवासको क्षेत्रको आधार वा त्यस्तै अन्य कुनै भेदभाव गरी वा कानुनले नै कुनै पदमा काम गर्न कुनै खास शारीरिक वा बौद्धिक योग्यता आवश्यक हुने गरी तोकेकोमा वा कामको प्रकृतिले नै कुनै खास किसिमको शारीरिक अवस्थाको आधारमा रोजगारी दिन इन्कार गर्दै भेदभाव गरी मानव अधिकार उल्लङ्घन गरेको विषयमा निर्णय/सिफारिस गर्दा देहायका कुराहरूलाई समेत आधार लिनु पर्नेछ ।

- भेदभाव गरिएको अवस्था र त्यसको प्रकृति,
- भेदभावपूर्ण व्यवहार गरेको कारणले सम्बन्धित व्यक्तिमा परेको मानसिक पीडा र असर,
- रोजगारी दिने सम्बन्धमा भेदभावपूर्ण व्यवहार गरेकोमा निजले रोजगारी पाएको भए सोबाट पाउन सक्ने सम्भावित अर्थोपार्जन,
- उत्पत्ति, बसोवासको क्षेत्र वा आधार लगायतका सामाजिक वा सांस्कृतिक रूपमा भेदभावपूर्ण व्यवहार गरिएको भए त्यस्तो व्यवहारबाट समाजमा पर्न सक्ने सम्भावित परिणाम,
- धार्मिक वा राजनैतिक आस्थाको कारणले भेदभावपूर्ण व्यवहार गरिएको भए त्यस्तो व्यवहारबाट समाजमा पर्न सक्ने परिणाम ।

# नागरिक तथा राजनीतिक अधिकार

## २७. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र भन्नाले के बुझ्नुहुन्छ ? नेपालले यसलाई कहिले अनुमोदन गरेको थियो ?

उत्तर : कुनै राष्ट्रको नागरिक भएका हैसियतले मानिसले उपभोग गर्न पाउने नागरिक तथा राजनीतिक अधिकारहरूलाई संरक्षण गर्न सन् १९६६ मा संयुक्त राष्ट्रसङ्घले बनाएको प्रतिज्ञापत्रलाई नै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र भनिन्छ । यो प्रतिज्ञापत्र संयुक्त राष्ट्रसङ्घीय महासभाबाट सन् १९६६ डिसेम्बर १६ मा पारित भई सन् १९७६ मार्च २३ देखि लागु भएको हो । यसमा ५३ ओटा धाराहरू छन् । नेपालले यो प्रतिज्ञापत्रलाई सन् १९९१ मे १४ मा अनुमोदन गरेको थियो ।

## २८. यो प्रतिज्ञापत्रले नागरिकलाई के–कस्ता अधिकार प्रदान गरेको छ ?

उत्तर : यो प्रतिज्ञापत्रले नागरिकलाई प्रदान गरेका अधिकारहरू यस प्रकार छन् :

(क) आत्मनिर्णयको अधिकार, *धारा–१,*

(ख) बाँच्न पाउने अधिकार, *धारा–६,*

(ग) क्रूर, अमानवीय, अपमानजनक व्यवहार वा सजायँ विरूद्धको अधिकार, *धारा–७,*

(घ) दासत्व वा बलपूर्वकको श्रमविरूद्धको अधिकार, *धारा–८,*

(ङ) करारीय दायित्व पूरा नगरेकोमा कैदमा नराखिने अधिकार, *धारा–११,*

(च) स्वतन्त्र रूपमा आवतजावत गर्न पाउने अधिकार, *धारा-१२,*

(छ) कानुनको अगाडि समानता गरिने अधिकार, *धारा–४,*

(ज) कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकार, *धारा–१६,*

(झ) विचार, सद्विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार, *धारा–१८,*

(ञ) गोपनीयताको अधिकार, *धारा–१७,*

(ट) बिना हस्तक्षेप विचार राख्न पाउने अधिकार (विचार र अभिव्यक्तिको अधिकार), *धारा–१९,*

(ठ) शान्तिपूर्वक भेला हुने अधिकार, *धारा–२०,*

(ड) आफ्नो हितको संरक्षणका लागि ट्रेड युनियन खोल्न पाउने वा त्यसमा सम्मेलित हुने अधिकार, *धारा–२२,*

(ढ) विवाह र परिवार आरम्भ गर्ने अधिकार, *धारा–२३,*

(ण) बालबालिकाले बिना भेदभाव आवश्यक संरक्षण पाउने अधिकार, *धारा–२४* ।

## २९. यो प्रतिज्ञापत्रले जीवन सम्बन्धी अधिकारलाई कसरी सुनिश्चित गरेको छ ?

उत्तर : यो प्रतिज्ञापत्रको धारा ६ ले जीवन सम्बन्धी अधिकारहरूलाई यसरी सुनिश्चित गरेको छ :

(क) प्रत्येक व्यक्तिलाई जीवनको अधिकार छ । कानुनद्वारा यो अधिकारको संरक्षण गरिने छ । स्वेच्छाचारी रूपले कसैको पनि जीवनहरण गरिने छैन ।

(ख) मृत्युदण्डको उन्मूलन नगरेका देशहरूमा गम्भीर अपराधहरूमा अपराध गर्दाको समयमा लागु रहेको कानुनअनुसार र यो प्रतिज्ञापत्रका व्यवस्थाहरू तथा आमहत्याको अपराधको रोकथाम तथा सजायसम्बन्धी महासन्धिका व्यवस्थाहरू विपरीत नहुने गरी मृत्युदण्ड दिन सकिनेछ । सक्षम अदालतले गरेको अन्तिम निर्णयअनुसार माग भएको दण्ड कार्यान्वयन गर्न सकिनेछ ।

(ग) मृत्युदण्डको सजायँ पाएको कुनै पनि व्यक्तिलाई सजायँबाट माफी वा दण्ड कटौतीको माग गर्ने अधिकार हुनेछ । सबै मुद्दाहरूमा माफी दिने, क्षमादान दिने वा मृत्युदण्डको सजायँलाई कम गर्न सकिनेछ ।

(घ) १८ वर्षमुनिका व्यक्तिबाट गरिएको अपराधमा मृत्युदण्ड दिइने छैन तथा गर्भवती महिलाहरूउपर यस्तो दण्ड कार्यान्वयन हुने छैन ।

## ३०. यो प्रतिज्ञापत्रले व्यक्तिलाई के-कस्तो स्वतन्त्रता तथा सुरक्षाको अधिकार प्रदान गरेको छ ?

उत्तर : यो प्रतिज्ञापत्रको धारा ९ ले व्यक्तिलाई स्वतन्त्रता र सुरक्षाको निम्न अधिकारहरू प्रदान गरेको छ-

(क) कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न पाइने छैन । कानुनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन ।

(ख) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा पक्राउ गरेको कारणको जानकारी दिनुपर्नेछ र यथाशीघ्र निजविरूद्धको अभियोगबारे पनि सूचित गर्नुपर्नेछ ।

(ग) कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानुनद्वारा न्यायिक शक्ति प्रयोग

गर्न पाउने अधिकारप्राप्त अधिकारी समक्ष तुरून्त ल्याइनेछ । त्यस्तो व्यक्तिलाई उचित समयभित्र सुनुवाइ गरिपाउने वा छुट्कारा पाउने अधिकार हुनेछ । सुनुवाइको अवसर पर्खिरहेका व्यक्तिलाई थुन्नु सामान्य नियम हुने छैन तर निजको रिहाइ भने न्यायिक कारबाहीको अन्य कुनै पनि चरणको सुनुवाइमा उपस्थित हुने अवस्था उत्पन्न भएमा फैसला कार्यान्वयन गर्न जमानत धरौटीको अधीनमा रहन सक्नेछ ।

(घ) पक्राउ वा थुनाबाट स्वतन्त्रता अपहरण गरिएको कुनै पनि व्यक्तिले कुनै अदालत समक्ष कारबाही थालनी गर्न पाउनेछ ताकि सो अदालतले बिलम्ब नगरी निजको थुनाको वैधताका सम्बन्धमा निर्णय गर्न तथा थुन्ने कार्य वैधानिक नभएमा निजलाई रिहा गर्न आदेश दिन सक्नेछ ।

(ङ) गैरकानुनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने अधिकार हुनेछ ।

### ३१. यो प्रतिज्ञापत्र अनुसार प्रत्येक सम्प्रदायलाई आफ्नो सम्प्रदायको अस्तित्व कायम राखिराख्न के–कस्तो अधिकार प्राप्त छ ?

उत्तर : यो प्रतिज्ञापत्र अनुसार प्रत्येक सम्प्रदायलाई आफ्नो सम्प्रदायको अस्तित्व कायम राख्न धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न पाउने अधिकार छ ।

### ३२. यो प्रतिज्ञापत्र अनुसार अल्पसंख्यकहरूको भाषा, लिपि र संस्कृतिको संरक्षण तथा सम्बर्द्धनको सम्बन्धमा कस्तो अधिकार रहेको छ ?

उत्तर : यो प्रतिज्ञापत्रको धारा २७ अनुसार अल्पसङ्ख्यक समुदायलाई पनि अरू सरह आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्न पाउने अधिकार छ । साथै, उनीहरूलाई सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्न पाउने स्वतन्त्रता छ ।

# आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

## ३३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र भन्नाले के बुझिन्छ ? नेपालले यो प्रतिज्ञापत्रलाई कहिले अनुमोदन गरेको थियो ?

उत्तर : मानवजातिले उपभोग गर्न पाउने आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको संरक्षण गर्नका लागि बनाइएको प्रतिज्ञापत्रलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र भनिन्छ । यो प्रतिज्ञापत्र संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९६६ डिसेम्बर १६ मा पारित गरी सन् १९७६ जनवरी ३ देखि लागु भएको हो । यसमा ३१ धाराहरू छन् । यो प्रतिज्ञापत्रलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरेको थियो ।

## ३४. नागरिकलाई के-कस्तो अधिकार प्रदान गरेको छ ?

उत्तर : यो प्रतिज्ञापत्रले नागरिकलाई प्रदान गरेका अधिकारहरू निम्न छन् :

(क) आत्मनिर्णयको अधिकार, धारा - १,

(ख) महिला र पुरूषको समान अधिकार, धारा - ३,

(ग) काम गर्ने अधिकार, धारा - ६,

(घ) सङ्गठन वा ट्रेड युनियन खोल्ने अधिकार, धारा - ८ (१) क,

(ङ) हड्ताल गर्ने अधिकार, धारा - ८(१) घ,

च) सामाजिक सुरक्षाको अधिकार, धारा - ९,

(छ) विवाह तथा परिवारको अधिकार, धारा - १० (१),

(ज) मातृत्वको संरक्षणको अधिकार, धारा - १० (२),

(झ) आर्थिक, सामाजिक शोषणबाट सुरक्षा पाउने अधिकार धारा - १० (३),

(ञ) खाना, कपडा र आवासको अधिकार, धारा - ११ (१),

(ट) भोकबाट मुक्त हुने अधिकार, धारा - ११ (२),

(ठ) स्वास्थ्यसम्बन्धी अधिकार, धारा - १२ (१),

(ड) शिक्षासम्बन्धी अधिकार, धारा - १३ (१) ।

## ३५. राज्यले के–कस्ता दायित्व निर्वाह गर्नुपर्ने व्यवस्था छ ?

उत्तर : यो प्रतिज्ञापत्र अनुसार राज्यले निम्न दायित्वहरु निर्वाह गर्नुपर्ने हुन्छ :

(क) परिवार स्थापनाका लागि यसलाई सुरक्षा तथा सहायता दिनुपर्ने, धारा - १०(१),

(ख) शिशु जन्मनु अघि र पछि आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्ने, धारा - १०(२),

(ग) पितृत्व वा अन्य अवस्थाका कारणबाट कुनै भेदभाव बिना सम्पूर्ण बालबालिका तथा युवाहरूको पक्षमा संरक्षण एवम् सहायताका विशेष उपायहरु अपनाउनु पर्ने, धारा - १०(३),

(घ) प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवासको अधिकार प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरु चाल्नुपर्ने, धारा - ११(१),

(ङ) प्रत्येक व्यक्तिको शारीरिक एवम् मानसिक स्वास्थ्यको उच्चतम स्तरको सेवा उपभोग गर्ने अधिकारको पूर्ण प्राप्ति गर्न चाल्नुपर्ने आवश्यक कदम, धारा - १२ (२) । यस अन्तर्गत

- शिशु मृत्युदर घटाउने तथा बालस्वास्थ्यको व्यवस्था गर्नुपर्ने,
- वातावरणीय तथा औद्योगिक सरसफाइका सम्पूर्ण पक्षको सुधार गर्नुपर्ने,
- प्रकोप, महामारी तथा अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण गर्नुपर्ने,
- बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा तथा हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना गर्नुपर्ने ।
- शिक्षाको अधिकार पूर्ण प्राप्ति गर्नका लागि चाल्नुपर्ने आवश्यक कदम, धारा - १३(२) । यस अन्तर्गत
- सबैका लागि प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनुपर्ने,
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षासमेत संलग्न गरी त्यसमा सबैको पहुँच पुऱ्याउनुपर्ने,
- उच्च शिक्षामा समान रूपले सबैको पहुँच पुग्ने बनाउनुपर्ने,
- प्राथमिक शिक्षा पूरा नगरेकाहरूलाई शैक्षिक कार्यक्रममा सहभागी गराउने,
- सबै तहमा पाठशाला प्रणालीको विकास, छात्रवृत्तिको पर्याप्त व्यवस्था तथा शिक्षण कर्मचारीको भौतिक अवस्थालाई निरन्तर सुधार गर्नुपर्ने ।

## ३६. व्यक्तिको रोजगारी र पारिश्रमिकसम्बन्धी के-कस्ता अधिकारहरू उल्लेख गरिएका छन् ?

उत्तर : यो प्रतिज्ञापत्रको धारा ६ अनुसार प्रत्येक व्यक्तिलाई स्वेच्छाले रोजगारी रोज्न सक्ने र काम गर्नको निम्ति उचित र अनुकूल परिस्थिति

प्राप्त गर्ने अधिकार छ । त्यसैगरी, धारा ७ (क) अनुसार प्रत्येक व्यक्तिलाई बिना भेदभाव समान कामका लागि समान पारिश्रमिक पाउने अधिकारको व्यवस्था छ ।

## ३७. आमा र शिशुहरूका लागि कुनै विशेष अधिकार छ ?

उत्तर : छ, यो प्रतिज्ञापत्रको धारा १०(२) अनुसार आमा र शिशुहरूलाई विशेष हेरचाह र सहायता पाउने अधिकारबारे स्पष्ट उल्लेख गरिएको छ । सुत्केरी हुनुअघि र पछि रोजगार महिलाहरूले तलब सुविधासहितको उचित बिदा पाउनुपर्छ ।

## ३८. सामाजिक अधिकारभित्र के-कस्ता अधिकारहरू पर्दछन् ?

उत्तर : सामजिक अधिकारभित्र देहाय बमोजिमका अधिकारहरु पर्दछन् :

क) सामाजिक सुरक्षाको अधिकार,

ख) खाना, कपडा र आवासको अधिकार,

ग) स्वास्थ्य सम्बन्धी अधिकार,

घ) शिक्षा सम्बन्धी अधिकार ।

# जातीय भेदभाव विरुद्धको अधिकार

## ३९. नेपालमा जातीय भेदभाव तथा छुवाछुत सम्बन्धमा कस्तो व्यवस्था गरिएको छ ?

उत्तर : नेपालमा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८, संसदद्वारा मिति २०६८।२।१० मा यो ऐन पारित गरिएको छ । जसमा प्रथा, परम्परा, धर्म संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा जात जाति, वंश समुदाय वा पेसाका आधारमा छुवाछुत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी प्रत्येक व्यक्तिको समानता, स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गरी यस्ता मानवता विरोधी भेदभावजन्य कार्यलाई दण्डनीय वनाएको र पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरिएको छ ।

## ४०. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि के हो ? नेपालले यो महासन्धिलाई कहिले अनुमोदन गरेको थियो ?

उत्तर : सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ भनेको सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्न तथा जातीय भेदभावका कारण पीडित भएका व्यक्ति वा समूहको अधिकारको संरक्षण र सम्बर्द्धन गर्नका लागि बनेको अन्तर्राष्ट्रिय महासन्धि हो । यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९६५ डिसेम्बर २१ मा

पारित भई सन् १९६९ जनवरी ४ देखि लागू भएको हो । यसमा २५ ओटा धाराहरू रहेका छन् । नेपालले यो महासन्धिलाई सन् १९७१ जनवरी ३० मा अनुमोदन गरेको थियो ।

### ४१. यो महासन्धिमा जातीय भेदभावलाई कसरी परिभाषित गरिएको छ ?

उत्तर : यो महासन्धिको धारा १ ले 'जातीय भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जीवनमा या कुनै क्षेत्रमा जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई बुझाउँछ' भनी परिभाषित गरेको छ । तर, यस किसिमको जातीय विभेद, निषेध वा प्रतिबन्ध पक्षराष्ट्रको नागरिक र गैर नागरिकबीच समान रूपले लागु हुँदैन ।

### ४२. यो महासन्धिले जातीय विभेदविरूद्ध के-कस्ता अधिकार प्रदान गरेको छ ?

उत्तर : यो महासन्धिको धारा-५ ले जातीय विभेद विरूद्धमा देहाय बमोजिमका अधिकारहरू प्रदान गरेको छ :

(क) न्यायाधीकरण (ट्राइबुनल) तथा न्याय प्रदान गर्ने अन्य सबै अङ्गहरूका अगाडि समान व्यवहार पाउने अधिकार,

(ख) कुनै व्यक्तिमाथि कुनै सरकारी अधिकारी, समूह वा संस्थाहरूबाट हुने हिंसा वा शारीरिक क्षतिविरूद्ध राज्यबाट पीडित व्यक्तिले संरक्षण पाउने अधिकार,

(ग) राजनीतिक अधिकारहरू खासगरी सर्वव्यापी तथा समान मताधिकारको आधारमा निर्वाचनहरूमा भाग लिने (मतदान गर्ने तथा उम्मेदवार बन्ने अधिकार, सरकार तथा कुनै पनि तहमा सार्वजनिक मामिलाको सञ्चालनमा भाग लिने अधिकार तथा सार्वजनिक सेवामा समान पहुँचको अधिकार,

(घ) अन्य नागरिक अधिकारहरू :

१) राष्ट्रको सीमानाभित्र आवतजावत तथा बसोबास गर्ने स्वतन्त्रताको अधिकार,

२) आफ्नो देशलगायत कुनै देशबाट बाहिर निस्कने र आफ्नो देशमा फर्किने अधिकार,

३) राष्ट्रियताको अधिकार,

४) विवाह गर्ने तथा वरवधू छान्ने अधिकार,

५) एक्लै वा अरूसँग मिलेर सम्पत्ति राख्ने अधिकार,

६) पुर्ख्यौली सम्पत्ति प्राप्त गर्ने अधिकार,

७) विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकार,

८) विचार र अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धी अधिकार,

९) शान्तिपूर्ण भेला हुने तथा सङ्गठन गर्ने स्वतन्त्रताको अधिकार ।

(ङ) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू :

१) काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने, बेरोजगारीविरूद्ध संरक्षण पाउने, समान कामका लागि समान तलब पाउने, उचित पारिश्रमिक पाउने अधिकार,

२) ट्रेड युनियन स्थापना गर्ने तथा त्यसमा सम्मिलित हुने अधिकार,

३) आवासको अधिकार,

४) सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार,

५) शिक्षा तथा तालिम (प्रशिक्षण) को अधिकार,

६) सांस्कृतिक क्रियाकलापहरूमा समान सहभागिताको अधिकार ।

(च) यातायात, होटल, रेस्टुरेन्ट, क्याफे, नाचघर तथा उद्यानजस्ता सार्वजनिक स्थान वा सेवामा पहुँचको अधिकार ।

**४३. कुनै व्यक्ति वा समूहमाथि जातीयताको आधारमा भेदभाव भएमा पीडित पक्षका लागि यो महासन्धिले के–कस्तो व्यवस्था गरेको छ ?**

उत्तर : यो महासन्धिको धारा ६ ले जातीय भेदभावको कारणले भएको कुनै पनि क्षतिका लागि उपयुक्त र उचित क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नुपर्ने व्यवस्था गरेको छ ।

# महिला अधिकार

## ४४. महिलाविरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि भन्नाले के बुझिन्छ ?

उत्तर : महिलाविरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि महिलाको मानव अधिकार संरक्षण गर्ने प्रमुख महासन्धि हो । महिलाविरूद्ध हुने भेदभाव उन्मूलन गर्नु एवम् महिला र पुरूषबीच समानता कायम गर्नु यस महासन्धिको मुख्य उद्देश्य रहेको छ । यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा सन् १९७९ डिसेम्बर १८ मा पारित भई सन् १९८१ सेपटेम्बर ३ देखि लागु भएको हो । यो महासन्धिमा ३० ओटा धाराहरु रहेका छन् । यो महासन्धिलाई नेपालले सन् १९९१ अप्रिल २२ मा अनुमोदन गरेको थियो ।

## ४५. महिला विरूद्धको भेदभावलाई कसरी परिभाषित गरेको छ ?

उत्तर : यो महासन्धिको धारा १ अनुसार 'महिलाविरूद्धको भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य कुनै पनि विषयमा वैवाहिक स्थिति जे-जस्तो रहेको भएतापनि लिङ्गका आधारमा हुने कुनै पनि भेदभाव, बहिष्कार वा प्रतिबन्धलाई जनाउँछ भनी परिभाषित गरेको छ ।

## ४६. महिलालाई के-कस्ता अधिकारहरू प्रदान गरेको छ ?

उत्तर : यो महासन्धिले महिलालाई प्रदान गरेका अधिकारहरु निम्न छन् :

क) बेचबिखन तथा वेश्यावृत्तिको लागि गरिने यौन शोषणविरूद्धको अधिकार, धारा ६,

ख) सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अधिकार, धारा–७,

ग) अन्तर्राष्ट्रिय तहमा सहभागी हुन पाउने समान अधिकार, धारा–८,

घ) राष्ट्रियता सम्बन्धी अधिकार, धारा–९,

ङ) शिक्षा सम्बन्धी अधिकार, धारा–१०,

च) रोजगारीको अधिकार, धारा–११,

छ) स्वास्थ्य सम्बन्धी अधिकार, धारा–१२,

ज) आर्थिक तथा पारिवारिक लाभको अधिकार, धारा–१३,

झ) ग्रामीण महिलालाई विशेष अधिकार, धारा–१४,

ञ) कानुनी समानताको अधिकार, धारा–१५,

ट) विवाह तथा परिवारको अधिकार, धारा–१६ ।

## ४७. महिलालाई सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको के–कस्तो अधिकार प्राप्त छ ?

उत्तर : यो महासन्धिको धारा–७ ले महिलालाई सार्वजनिक र राजनीतिक जीवनमा पुरूषसरह समान सहभागिताको अधिकार प्रदान गरेको छ । यस अन्तर्गत निम्न अधिकारहरु छन् :

(क) प्रत्येक महिलालाई मत दिन पाउने अधिकार,

(ख) सार्वजनिक रूपमा सार्वजनिक पद धारण गर्ने अधिकार,

(ग) नीति निर्माणमा सरिक हुने अधिकार,

(घ) गैरसरकारी संस्था, राजनीतिक सङ्गठन तथा अन्तर्राष्ट्रिय तहमा सहभागी हुने अधिकार ।

## ४८. महिलाको राष्ट्रियता सम्बन्धमा कस्तो व्यवस्था गरेको छ ?

उत्तर : यो महासन्धिको धारा ९ ले महिलाको राष्ट्रियताको सम्बन्धमा निम्न व्यवस्था गरेको छ :

(क) पुरूषसरह राष्ट्रियता प्राप्त गर्ने, परिवर्तन गर्ने वा धारण गर्ने समान अधिकार,

(ख) विदेशीसँग विवाह भएको कारणबाट वा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने अधिकार,

(ग) पतिको राष्ट्रियता जे-जस्तो भए तापनि महिलालाई आफ्नो इच्छाअनुसारको राष्ट्रियता धारण गर्न पाउने अधिकार,

(घ) सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा पुरूषसरह महिलालाई पनि समान अधिकार ।

## ४९. महिलालाई शिक्षा क्षेत्रमा कस्ता अधिकारहरू प्रदान गरेको छ ?

उत्तर : यो महासन्धिको धारा १० ले शिक्षा क्षेत्रमा महिलालाई पनि पुरूषसरह निम्न अधिकारहरु प्रदान गरेको छ :

(क) अध्ययन गर्ने र उपाधि पाउने अधिकार,

(ख) सबै प्रकारका व्यावसायिक प्रशिक्षणको अधिकार,

(ग) समान भौतिक सुविधाको शैक्षिक अधिकार,

(घ) छात्रवृत्ति सम्बन्धी अधिकार,

(ङ) पढाइ छोड्ने छात्राहरूको सक्रिय रूपमा शैक्षिक कार्यक्रममा सहभागी हुन पाउने अधिकार,

(च) खेलकुद तथा शारीरिक शिक्षामा भाग लिन पाउने समान अवसरको अधिकार,

(छ) परिवार नियोजनसम्बन्धी सूचना/सल्लाह एवम् परिवारको स्वास्थ्यसम्बन्धी जानकारी पाउने अधिकार ।

## ५०. महिलालाई रोजगारी सम्बन्धी कस्ता अधिकारहरू प्रदान गरेको छ ?

उत्तर : यो महासन्धिको धारा ११ ले महिलालाई पनि पुरूषसरह रोजगारी सम्बन्धी अधिकारहरु प्रदान गरेको छ । त्यस्तै यसै धाराले विवाह वा मातृत्वका आधारमा महिलाविरूद्ध हुने भेदभाव विरूद्धका अधिकारहरु समेत सुनिश्चित गरेको छ । ती अधिकारहरु निम्न छन् :

(क) रोजगारीमा समान अवसरको अधिकार,

(ख) स्वतन्त्र रूपमा रोजगारी चयन गर्न पाउने अधिकार,

(ग) सेवाका सर्त र सुरक्षासम्बन्धी अधिकार,

(घ) समान पारिश्रमिक तथा सुविधाको अधिकार,

(ङ) पूरा तलब सहितको प्रसूति बिदाको अधिकार,

(च) गर्भवती भएका आधारमा पदबाट हटाउन नपाउने अधिकार,

(छ) बाल स्याहार सुविधा उपभोगको अधिकार,

(ज) गर्भवती महिलालाई जोखिमपूर्ण काममा लगाउन नपाउने अधिकार ।

## ५१. महिलाको स्वास्थ्यसम्बन्धी अधिकारमा के–कस्तो व्यवस्था गरेको छ ?

उत्तर : यो महासन्धिको धारा–१२ ले स्वास्थ्य क्षेत्रमा महिलामाथि हुने भेदभाव विरूद्ध निम्न अधिकारहरु प्रदान गरेको छ :

(क) महिलालाई परिवार नियोजनसँग सम्बन्धित कुराहरु लगायत स्वास्थ्य र स्याहारसम्बन्धी सेवा बिना कुनै भेदभाव पुरूषसरह प्रदान गर्नुपर्ने,

(ख) महिलालाई गर्भवती, प्रसूति र प्रसूतिपश्चात्को समयमा चाहिने आवश्यक सेवाहरु उपलब्ध गराउनुपर्ने,

(ग) गर्भवती तथा स्तनपानको समयमा महिलालाई पर्याप्त पोषण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नुपर्ने ।

**५२. महिलाहरूलाई विवाह र परिवारको सम्बन्धमा के–के अधिकारहरू प्राप्त छन् ?**

उत्तर : महासन्धिको धारा १६ ले महिलालाई विवाह र परिवारको सम्बन्धमा देहायबमोजिमको अधिकार प्रदान गरेको छ :

(क) विवाह गर्ने अधिकार,

(ख) स्वतन्त्ररुपमा आफ्नो जीवनसाथी छान्न पाउने अधिकार,

(ग) सम्बन्ध विच्छेदको अधिकार,

(घ) सम्पत्तिमा पति-पत्नी दुवैको समान अधिकार,

(ङ) सन्तान कति जन्माउने, कहिले जन्माउने भन्ने कुरा निर्धारण गर्न पाउने अधिकार,

(च) सन्तानको संरक्षकत्व ग्रहण गर्न पाउने अधिकार ।

**५३. ग्रामीण महिलालाई के–कस्ता विशेष अधिकारहरू प्रदान गरेको छ ?**

उत्तर : यस महासन्धिको धारा १४ ले ग्रामीण महिलालाई पुरूषसरह विकासमा सहभागी हुन देहायका अधिकारहरु प्रदान गरेको छ :

(क) विकास योजनाको विस्तृतीकरण र कार्यान्वयनको सबै तहमा भाग लिन पाउने अधिकार,

(ख) परिवार नियोजनका सूचना, सल्लाह र सेवालगायत पर्याप्त स्वास्थ्य सुविधा पाउने अधिकार,

(ग) सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने अधिकार,

(घ) औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने अधिकार,

(ङ) स्वरोजगारीका लागि स्वावलम्बन समूहहरू तथा सहकारी संस्थाहरू गठन गर्न पाउने अधिकार,

(च) समस्त सामुदायिक क्रियाकलापमा भाग लिन पाउने अधिकार,

(छ) आवास, सरसफाइ, विद्युत्, यातायात, खानेपानी तथा सञ्चारसम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने अधिकार ।

# यातना विरूद्धको अधिकार

## ५४. 'यातना' भन्ने शब्दले के जनाउँछ ?

उत्तर : यो महासन्धिको धारा १ (१) अनुसार 'यातना' भन्ने शब्दले कुनै सार्वजनिक अधिकारी वा सार्वजनिक अधिकारीको हैसियतले काम गर्ने कुनै व्यक्तिबाट वा निजको सहमति वा मौन सहमतिबाट कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा साबिती लिने वा तेस्रो व्यक्तिले गरेको भनी शङ्का गरिएको कार्यका लागि दण्ड दिने वा सो व्यक्ति वा तेस्रो व्यक्तिलाई त्रास देखाउने वा बलजफ्ती गर्ने जस्ता उद्देश्यहरूका लागि वा कुनै किसिमको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानीजानी दिइएको शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्यलाई जनाउँछ ।

## ५५. यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि भन्नाले के बुझिन्छ ?

उत्तर : कुनै पनि व्यक्तिलाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिन नहुने तथा यस्तो क्रियाकलापबाट उनीहरूको अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने महासन्धिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि भनिन्छ । यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा सन् १९८४ डिसेम्बर १० मा पारित भई सन् १९८७ जुन २६ देखि लागु भएको हो ।

यो महासन्धिमा ३३ धारा छन् । यो महासन्धिलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरेको हो ।

## ५६. के यातनाबाट लिइएको बयानलाई प्रमाणको रूप मान्न सकिन्छ ?

उत्तर : यो महासन्धिको धारा १५ अनुसार यातनाबाट लिइएको बयानलाई प्रमाणको रूप मान्न सकिँदैन ।

## ५७. यातना पीडितको क्षतिपूर्ति सम्बन्धी अधिकारबारे के भन्दछ ?

उत्तर : यातनाको कार्यबाट पीडित व्यक्तिले उचित तथा पर्याप्त क्षतिपूर्ति प्राप्त गर्नसक्छ । यातनाको फलस्वरूप पीडित भएको व्यक्तिको मृत्यु भएमा उसका आश्रितहरूले क्षतिपूर्ति पाउने अधिकार छ । कानुन कार्यान्वयन गर्ने कर्मचारीहरु, निजामति वा सैनिक, चिकित्सा कर्मचारी, सार्वजनिक अधिकारी तथा कुनै प्रकारको पक्राउ, थुना वा कैदमा परेका कुनै व्यक्तिको थुना, सोधपुछ वा उपचारमा संलग्न हुने अन्य व्यक्तिहरूको तालिममा यातना निषेधसम्बन्धी शिक्षा तथा जानकारी समावेश गर्नुपर्ने कुरामा जोड दिन्छ ।

# बाल अधिकार

## ५८. बाल अधिकार सम्बन्धी महासन्धि भन्नाले के बुझिन्छ ?

उत्तर : बालबालिकाको अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने अन्तर्राष्ट्रिय महासन्धिलाई नै बालअधिकार सम्बन्धी महासन्धि भनिन्छ । यो महासन्धि संयुक्त राष्ट्र सङ्घको महासभाबाट सन् १९८९ नोभेम्बर २० मा पारित भई सन् १९९० सेपटेम्बर २ देखि लागु भएको हो । यो महासन्धिमा ५४ ओटा धाराहरु रहेका छन् । यो महासन्धिको धारा १८ अनुसार बालबालिकाको पालनपोषणका लागि प्राथमिक दायित्व आमा बाबुको हुन्छ र यसलाई राज्यले पनि सहयोग गर्नुपर्छ । नेपालले यो महासन्धिलाई सन् १९९० सेपटेम्बर १४ मा अनुमोदन गरेको हो ।

## ५९. बालबालिकालाई के–कस्ता अधिकारहरू प्रदान गरेको छ ?

उत्तर : यो महासन्धिको धारा १ मा बालबालिकासम्बन्धी कानुनले पहिले नै बालिग हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका मानिसलाई बालबालिका मान्नुपर्छ भनी परिभाषित गरेको छ । यो महासन्धिले बालबालिकाहरूलाई निम्न अधिकारहरु प्रदान गरेको छः–

(क) नाम र राष्ट्रियताको अधिकार,

(ख) आमाबाबुसँग बसोबास गर्ने अधिकार,

(ग) पारिवारिक पुनर्मिलनको अधिकार,

(घ) बालबालिकाको विचार प्रकट गर्न पाउने र विचारले उचित मान्यता पाउने अधिकार,

(ङ) अभिव्यक्ति स्वतन्त्रताको अधिकार,

(च) विचार, विवेक र धर्मसम्बन्धी स्वतन्त्रताको अधिकार,

(छ) सङ्गठन सम्बन्धी स्वतन्त्रताको अधिकार,

(ज) निजीपन संरक्षणको अधिकार,

(झ) उचित जानकारीको प्राप्तिको अधिकार,

(ञ) अपाङ्ग बालबालिकाहरूको अधिकार,

(ट) स्वास्थ्य र स्वास्थ्यसेवाको अधिकार,

(ठ) सामाजिक सुरक्षाको अधिकार,

(ड) शिक्षाको अधिकार,

(ढ) अल्पसङ्ख्यक वा आदिवासी जनताका बालबालिकाले पाउनुपर्ने अधिकार,

(ण) फुर्सद, आराम र सांस्कृतिक क्रियाकलापहरू गर्न पाउने अधिकार,

(त) लागु पदार्थको दुरुपयोग सम्बन्धी अधिकार,

(थ) यौन शोषणबाट संरक्षण पाउनुपर्ने अधिकार,

(द) अन्य किसिमका शोषणबाट सुरक्षित हुने अधिकार ।

**६०. बालबालिकाप्रति राज्यले निर्वाह गर्नुपर्ने दायित्व के–के हुन् ?**

उत्तर : यो महासन्धि अनुसार बालबालिकाप्रति राज्यले निर्वाह गर्नुपर्ने दायित्वहरू निम्न छन् :

(क) भेदभाव गर्न नहुने,

(ख) आमाबाबु वा अन्य जिम्मेवार मानिसहरूले बेवास्ता गरेमा पर्याप्त स्याहार गर्नुपर्ने,

(ग) अधिकारहरूको कार्यान्वयन गर्नुपर्ने,

(घ) बाबुआमाको मार्गदर्शन र बालबालिकाको उदयोन्मुख क्षमता अभिवृद्धि गर्नुपर्ने,

(ङ) दीर्घजीवन र विकास गर्नुपर्ने,

(च) परिचय संरक्षण गर्नुपर्ने,

(छ) बाबुआमाबाट बिछोड भएमा संरक्षण दिनुपर्ने,

(ज) बालबालिकाहरूको विदेशमा अवैध स्थानान्तरण वा अपहरणसम्बन्धी अधिकारको रक्षा गर्नुपर्ने,

(झ) बालबालिकाहरूलाई ज्ञानबर्द्धक जानकारी दिनुपर्ने,

(ञ) दुर्व्यवहार र उपेक्षाबाट संरक्षण गर्नुपर्ने,

(ट) परिवारबिहीन बालबालिकाको संरक्षण गर्नुपर्ने,

(ठ) शरणार्थी बालबालिकालाई संरक्षण र सहयोग गर्नुपर्ने,

(ड) बाल मजदुरको संरक्षण गर्नुपर्ने,

(ढ) बेचबिखन, सौदाबाजी र अपहरण रोकथाम गर्नुपर्ने,

(ण) सामाजिक पुनर्स्थापना गर्नुपर्ने,

(त) उचित न्यायिक कारबाही गर्नुपर्ने ।

## ६१. बालबालिकाले गरेको अपराध सम्बन्धमा यो महासन्धिले कस्तो व्यवस्था गरेको छ ?

उत्तर : यो महासन्धिको धारा ३७ ले बालबालिकाले गरेको अपराधका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरेको छ :

(क) बालबालिकालाई यातना नदिने तथा अन्य क्रूर, अमानवीय, अपमानजनक व्यवहार वा सजायँ नगर्ने,

(ख) १८ वर्षभन्दा कम उमेरका व्यक्तिहरूद्वारा गरेका कसुरहरूका लागि मृत्युदण्ड वा आजीवन काराबासको सजायँ नदिइने,

(ग) बालबालिकाको कुनै पनि स्वतन्त्रता अपहण नगरिने,

(घ) सक्षम र स्वतन्त्र अदालतबाट उपचार पाउनुपर्ने ।

## ६२. बालबालिकाको शिक्षा सम्बन्धी राज्यले के-कस्तो व्यवस्था गर्नुपर्दछ ?

उत्तर : यो महासन्धिको धारा २८ अनुसार राज्यले बालबालिकाको शिक्षा सम्बन्धमा निम्न व्यवस्था गर्नु पर्दछ :

(क) प्राथमिक शिक्षा सबैलाई अनिवार्य र निःशुल्क उपलब्ध गराउने,

(ख) प्रत्येक बालबालिकालाई माध्यमिक शिक्षा उपलब्ध गराउने र माध्यमिक शिक्षामा उनीहरूको पहुँच पुऱ्याउने,

(ग) क्षमताको आधारमा सबैका निम्ति उपयुक्त साधनहरूद्वारा उच्च शिक्षा प्राप्त हुनसक्ने गराउने,

(घ) सम्पूर्ण बालबालिकाहरूलाई शैक्षिक र व्यावसायिक जानकारी उपलब्ध गराउने,

(ङ) विद्यालयहरूमा नियमित हाजिरीलाई प्रोत्साहित गर्ने र पढाइ परित्याग गर्नेहरूको सङ्ख्या घटाउन विभिन्न उपायहरु अपनाउने ।

## ६३. सशस्त्र सङ्घर्षको समयमा बालबालिकाप्रति राज्यको कस्तो दायित्व रहन्छ ?

उत्तर : यो महासन्धिको धारा ३८ अनुसार सशस्त्र सङ्घर्षको समयमा बालबालिकाप्रति राज्यको निम्नानुसारको दायित्व रहन्छ :

(क) अन्तर्राष्ट्रिय मानवीय कानुनमा सशस्त्र सङ्घर्षका सम्बन्धमा राज्यले बालबालिकासँग सम्बन्धित व्यवस्थाहरूको आदर गर्ने र गराउने,

(ख) १५ वर्ष नपुगेका बालबालिकालाई लडाईंमा प्रत्यक्ष भाग लिन नलगाउने व्यवस्था गर्न हरसम्भव उपायहरु अपनाउनु पर्ने,

(ग) १५ वर्ष नपुगेका कुनै पनि व्यक्तिलाई सशस्त्र सेनामा भर्ना गर्नबाट रोक लगाउनुपर्ने,

(घ) १५ वर्ष पुगेका तर १८ वर्ष नपुगेका मानिसहरूमध्येबाट भर्ना गर्दा जेठोलाई प्राथमिकता दिनुपर्ने,

(ङ) अन्तर्राष्ट्रिय मानवीय कानुन अनुसार सशस्त्र लडाईंबाट गैरसैनिक नागरिकलाई जोगाउने आफ्नो दायित्व भएकाले सशस्त्र लडाईंबाट प्रभावित बालबालिकाहरूको संरक्षण र स्याहार गर्ने सम्बन्धमा आवस्यक र उपयुक्त कदमहरु चाल्नुपर्ने ।

# आप्रवासी कामदारको अधिकार

**६४. आप्रवासी कामदार भनेको को हो ? आप्रवासी कामदारहरू कति प्रकारका हुन्छन् ?**

उत्तर : यो महासन्धि अनुसार विदेशमा तलब पाउने कार्यमा लगाइने, लागेको वा लगाइएको व्यक्तिलाई आप्रवासी कामदार भनिन्छ । यस महासन्धिले आप्रवासी कामदारहरूलाई आठ समूहमा विभाजन गरेको छ :

१) सीमाक्षेत्रका कामदार,

२) विदेशी प्रतिष्ठानका कामदार,

३) मौसमी कामदार,

४) यात्रा सूचीका कामदार,

५) आयोजनामा आबद्ध कामदार,

६) सामूहिक कामदार,

७) विशेष रोजगारीका कामदार,

८) स्वरोजगार कामदार ।

**६५. कस्ता व्यक्तिहरू आप्रवासी कामदार होइनन् ?**

उत्तर : यो महासन्धिका अनुसार अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा निकायमा

काम गर्ने व्यक्ति, कुटनीतिज्ञ, लगानी कर्ता, शरणार्थी र राज्यविहीन व्यक्ति, विद्यार्थी एवम् प्रशिक्षार्थीहरु आप्रवासी कामदार होइनन् ।

## ६६. आप्रवासी कामदार तथा तिनको परिवारका सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि भन्नाले के बुझिन्छ ?

उत्तर : आप्रवासी कामदार तथा तिनको परिवारका सदस्यहरूको मानव अधिकार संरक्षण गर्न संयुक्त राष्ट्र सङ्घको महासभाले यो महासन्धिलाई सन् १९९० डिसेम्बर १८ मा पारित गरेको हो । सन् २००३ जुलाइ १ देखि लागु भएको छ । यसमा ९३ ओटा धाराहरु रहेका छन् । नेपालले यो सन्धिलाई हालसम्म हस्ताक्षर तथा अनुमोदन गरेको छैन ।

## ६७. आप्रवासी कामदारहरूको के–कस्ता अधिकारहरूलाई सुनिश्चित गरेको छ ?

उत्तर : यो महासन्धिलाई अनुमोदन गर्ने हरेक राष्ट्रले आप्रवासी कामदारहरूबीच राष्ट्रियताको आधारमा भेदभाव नगरिने कुरालाई सुनिश्चित गर्नु पर्दछ । त्यस्तै, यो महासन्धिको पक्षराष्ट्रले आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरूलाई समेत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु, नागरिक तथा राजनीतिक अधिकारहरु उपलब्ध गराउनु पर्दछ । यसका साथै, यो महासन्धिले जातीय विभेद बिरूद्धको अधिकार, महिला अधिकार र बालअधिकारका सवालहरूलाई समेत विशेष ध्यान दिई आप्रवासी कामदारहरूको मानव अधिकारहरूको संरक्षण गर्ने दायित्व पक्ष राष्ट्रहरूलाई तोकेको छ ।

## ६८. आप्रवासी कामदार तथा तिनीहरूको परिवारका सदस्यहरूका लागि के–कस्ता श्रम सम्बन्धी अधिकारहरूको व्यवस्था गरेको छ ?

उत्तर : अनिवार्य श्रमविरूद्ध संरक्षणको अधिकार, रोजगारी दिने देशको नागरिकसरह न्यूनतम रोजगारीको सहुलियत र सुविधा प्राप्त गर्ने अधिकार,

अतिरिक्त समयमा गरेको काम, कार्य समय, साप्ताहिक विदा, तलबी विदा, सुरक्षा, स्वास्थ्यको अधिकार आप्रवासी कामदारहरू वा तिनका परिवारका सदस्यहरूलाई हुनुपर्नेछ । त्यस्ता कुराहरूमा रोजगारी दिने देशको नागरिकभन्दा कम सहुलियत नहुने गरी क्षतिपूर्ति पाउने अधिकार आप्रवासी कामदारहरूलाई हुनेछ । त्यस्तै, आप्रवासी कामदार वा तिनका परिवारका सदस्यहरूलाई रोजगारी दिने राष्ट्रका नागरिक सरह समानताको अधिकार र समाजिक सुरक्षाको अधिकार रहनेछ । तर, कठोर श्रम सहितको कारावासको सजायँ पाएको अवस्थामा त्यस्तो अधिकार निलम्बित वा नियन्त्रित हुन सक्नेछ ।

## ६९. के आप्रवासी कामदारहरूलाई ट्रेड युनियन र सङ्घ सस्थामा आबद्ध हुने अधिकार छ ?

उत्तर : यो महासन्धिले आप्रवासी कामदारहरूलाई ट्रेड युनियन र सङ्घ संस्थामा आबद्ध हुने तथा यसको बैठक र क्रियाकलापहरूमा सहभागी हुने अधिकार प्रदान गरेको छ । रोजगारी दिने देशमा ट्रेड युनियन र सङ्घहरू गठन गर्न पाउने स्वतन्त्रता पनि आप्रवासी कामदारहरूलाई यो महासन्धिले प्रदान गरेको छ ।

## ७०. उत्पत्तिको राष्ट्र, रोजगारीको राष्ट्र र बाटोमा पर्ने राष्ट्र भन्नाले के बुझिन्छ ?

उत्तर : यो महासन्धि अनुसार उत्पत्तिको राष्ट्र भन्नाले आप्रवासी कामदार जुन देशको नागरिक हो, त्यस देशलाई सम्झनु पर्दछ । रोजगारीको राष्ट्र भन्नाले आप्रवासी कामदारले कुनै पारिश्रमिक पाउने काम गर्दै रहेको, काम लगाइने वा लगाएको राष्ट्र सम्झनु पर्छ । त्यस्तै, बाटोमा पर्ने राष्ट्र भन्नाले उत्पत्तिको राष्ट्रबाट रोजगारीको राष्ट्रसम्म र रोजगारीको राष्ट्रबाट उत्पत्ति वा बसोबासको राष्ट्रसम्म आउनेजाने बाटोमा परेका देशहरू भन्ने बुझिन्छ ।

## ७१. आप्रवासी कामदार तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको के कस्तो व्यवस्था छ ?

उत्तर : यो महासन्धिमा आप्रवासी कामदार तथा तिनीहरूका परिवारका सदस्यहरूका लागि विभिन्न अधिकारहरू सुनिश्चित गरिएको छ । ती अधिकारहरू यसप्रकार छन् :

(क) कुनै पनि राष्ट्र छोड्न पाउने अधिकार,

(ख) उत्पत्तिको राष्ट्रमा कुनै पनि समयमा प्रवेश गर्न र बस्न पाउने अधिकार,

(ग) बाँच्न पाउने अधिकार,

(घ) यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार विरूद्धको अधिकार,

(ङ) दासता विरूद्ध संरक्षणको अधिकार,

(च) विवेक र धर्मको स्वतन्त्रतासम्बन्धी अधिकार,

(छ) विचार र अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकार,

(ज) सम्पत्तिको स्वामित्वबाट स्वेच्छाचारी हस्तक्षेप विरूद्ध संरक्षणको अधिकार,

(झ) स्वतन्त्रता तथा व्यक्तिको सुरक्षासम्बन्धी अधिकार,

(ञ) कूटनीतिक निकायबाट संरक्षण तथा सहयोगको याचना गर्न पाउने अधिकार,

(ट) कानुनको अगाडि समानताको अधिकार, आपतकालीन स्वास्थ्य सुविधाको अधिकार,

(ठ) उत्पत्तिको राष्ट्रसँग सांस्कृतिक सम्बन्ध कायम गर्न पाउने अधिकार,

(ड) निजी सम्पत्तिको प्रयोगको अधिकार, सूचनाको अधिकार,

(ढ) सांस्कृतिक पहिचानको संरक्षणको अधिकार,

(ण) परिचय-पत्र र यात्राका कागजातहरु (राहदानी, भिसा, श्रम अनुमति-पत्र करार आदि) राख्ने, प्राप्त गर्ने र सुरक्षित गर्ने अधिकारहरु आदि ।

**७२. आप्रवासी कामदारका बालबालिकाका के–कस्ता अधिकारहरूको बारेमा यस महासन्धिले व्यवस्था गरेको छ ?**

उत्तर : आप्रवासी कामदारको बच्चाको नाम जन्मदर्ता, नागरिकताको अधिकार, आप्रवासी कामदारका बच्चाहरूलाई समानताको आधारमा शिक्षामा पहुँचको अधिकार जस्ता अधिकारहरूको बारेमा यो महासन्धिले व्यवस्था गरेको छ ।

**७३. अभिलेखबद्ध कामदार र अभिलेखबद्ध नभएका कामदार भन्नाले के बुझ्नुहुन्छ ?**

उत्तर : रोजगारीको राष्ट्रमा सो देशको कानुन अनुसार प्रवेश गर्ने, बसोवास गर्ने र काम गर्ने अनुमति पाएको आप्रवासी कामदारलाई अभिलेखबद्ध कामदार (Documented Worker) भनिन्छ । तर, रोजगारीको राष्ट्रमा प्रवेश गर्ने, बसोवास गर्ने र काम गर्ने अनुमति नपाएको आप्रवासी कामदारहरूलाई अभिलेखबद्ध नभएका कामदार (Undocumented Worker) भनिन्छ ।

# अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

## ७४. अपाङ्गता भएका व्यक्ति भन्नाले के बुझिन्छ ?

उत्तर : यो महासन्धि अनुसार अपाङ्गता भएका व्यक्ति भन्नाले दीर्घकालीन अशक्तताद्वारा सिर्जित शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी कमजोरी तथा तिनका विभिन्न अवरोधका कारण समाजमा अन्य व्यक्तिसरह समान आधारपूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्ति समेतलाई जनाउँछ ।

## ७५. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि भन्नाले के बुझिन्छ ?

उत्तर : संयुक्त राष्ट्र सङ्घको महासभाले सन् २००६ मा पारित गरेको अपाङ्गता भएका व्यक्तिहरूमा मानव अधिकार संरक्षण गर्ने सम्बन्धी महासन्धिलाई 'अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६' भनिन्छ । यो महासन्धिमा ५० धाराहरु छन् । यो महासन्धिले अपाङ्गता भएका व्यक्तिको मर्यादा, सम्मान, सहभागीता र समावेशीकरण, मर्यादा, समान अवसरका लागि मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई आत्मसात् गर्दै अपाङ्गता भएका व्यक्तिहरूले पनि अन्य व्यक्ति सरह सबै प्रकारका मानव अधिकार समान रूपले उपभोग गर्न पाउने व्यवस्था गरेको छ । यो महासन्धिको एउटा स्वैच्छिक आलेख (optional protocol) पनि छ, जसमा १८ धाराहरु छन् । नेपालले यो महासन्धि र यसको स्वै

च्छिक आलेखलाई २००८ जनवरी ३ मा हस्ताक्षर गरी २००९ डिसेम्बर २७ का दिन व्यवस्थापिका संसदबाट अनुमोदन गरेको हो ।

## ७६. अपाङ्गता भएका व्यक्तिहरूलाई के–कस्ता अधिकारहरू सुनिश्चित गर्नुपर्दछ ?

उत्तर : यो महासन्धिलाई अनुमोदन गर्ने राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई निम्न अधिकारहरु सुनिश्चित गर्नुपर्दछ :

- स्तरयुक्त जीवनयापन र काम प्राप्तिको अधिकार,
- सम्पत्तिको अधिकार, रोजगारी वा स्वरोजगारीको अवसरमा प्रर्वद्धन,
- स्वास्थ्य र शिक्षाको अधिकार (सांकेतिक भाषा र ब्रेललिपिमा पढ्न पाउने ,
- आफ्नो इच्छा अनुसारको व्यावसायिक वा व्यवहारिक शिक्षा, अवसर र छात्रवृत्ति,
- सार्वजनिक संरचना, सार्वजनिक यातायत र स्थानहरुमा पहुँचको अधिकार,
- उचित र आधारभूत स्वास्थ्य सेवा र वासस्थानको अधिकार,
- गरिबी निवारणका लघुवित्तीय योजना,
- राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिताको अधिकार,
- सूचना प्राप्तिको अधिकार र गोपनीयताको अधिकार, गुणस्तरीय जीवनस्तर र सामाजिक जीवनमा सहभागिताको अधिकार,
- सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिताको अधिकार ।

## ७७. अपाङ्गता भएका व्यक्तिको अधिकारलाई संरक्षण गर्न राज्यलाई कस्तो दायित्व सिर्जना गरेको छ ?

उत्तर : राज्यले अपाङ्गता भएका व्यक्तिका लागि बिना भेदभाव सबै मानव अधिकार एवम् आधारभूत स्वतन्त्रतालाई पूर्णरूपमा सुनिश्चित गर्नुपर्दछ । यो महासन्धिमा उल्लेखित अधिकारहरूको उपभोग गर्न अपाङ्गता भएका व्यक्तिहरूलाई सक्षम बनाउन पक्षराष्ट्रहरूले एउटा मापदण्ड तयार गर्नुपर्छ । त्यस्तै, सम्बन्धित राज्यले अपाङ्गता भएका व्यक्तिका अधिकारको सचेतना, सामर्थ्य र योगदान अभिवृद्धि गर्नुपर्दछ । अपाङ्गतासँग सम्बन्धित पुरातनवादी धारणा एवम् पूर्वाग्रहहरूलाई निरूत्साहित गर्न सम्बन्धित राज्यले सचेतना अभिवृद्धिका लागि व्यापक स्तरमा अभियान सञ्चालन गर्नुपर्छ ।

## ७८. राज्यको मुख्य प्राथमिकता के हो ?

उत्तर : राज्यले प्रभावकारी कानुन तथा नीति-नियमहरू तर्जुमा गर्नुपर्दछ । ती कानुन तथा नीति-नियमहरूलाई सफलतापूर्वक कार्यान्वयन गर्न राज्यले उपयुक्त संयन्त्र निर्माण गर्नुपर्छ । त्यसैगरी, महासन्धि कार्यान्वयनको अवस्थालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट समय समयमा अनुगमनको व्यवस्था गर्नुपर्छ ।

# बलपूर्वक बेपत्ता बनाउने कार्य विरुद्धको अधिकार

## ७९. बेपत्ता भएको अवस्थालाई कसरी परिभाषित गरिएको छ ?

उत्तर : यो महासन्धि अनुसार बलपूर्वक बेपत्ता भन्नाले 'व्यक्तिलाई कानुनको संरक्षणबाट बाहिर पार्ने गरी स्वतन्त्रताको हरण गरी उक्त तथ्यलाई अस्वीकार गरेको वा बेपत्ता व्यक्तिको अवस्थाको साथै निजका बारेमा कुनै जानकारी नदिने हिसाबले राज्यका प्रतिनिधिहरु वा राज्यको अख्तियारी, समर्थन वा सम्मति साथ काम गर्ने व्यक्ति वा समूहहरुद्वारा गरिने पक्राउ, थुनछेक, अपहरण वा स्वतन्त्रताबाट वञ्चित गर्ने अन्य स्वरुपलाई मानिने छ ।'

## ८०. बलपूर्वक बेपत्ता भएका सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि भन्नाले के – के बुझिन्छ ?

उत्तर : विभिन्न देशका सरकारहरुबाट व्यक्तिलाई विभिन्न बहानामा बेपत्ता बनाउने कार्यलाई रोक्न संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् २००६ डिसेम्बर २० पारित भएको सन्धिलाई 'बलपूर्वक बेपत्ता भएका सबै व्यक्तिहरुको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि' भनिन्छ । नेपालले यो सन्धिलाई हालसम्म हस्ताक्षर तथा अनुमोदन गरेको छैन ।

## ८१. मानिसहरूलाई बलपूर्वक बेपत्ता बनाउने कार्यलाई यो महासन्धिले कसरी सम्बोधन गरेको छ ?

उत्तर : यस महासन्धिको प्रावधानअनुसार कसैलाई पनि बलपूर्वक बेपत्ताको

भागिदार बनाइने छैन । युद्धको अवस्था वा त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा सार्वजनिक सङ्कट वा अन्य कुनै पनि परिस्थितिमा बलपूर्वक बेपत्ता गर्ने कार्यलाई जायज मान्न नसकिने भनी यो महासन्धिले स्पष्ट गरेको छ । साथै, कुनै पनि गैरसैनिक, सैनिक वा अन्य सार्वजनिक अधिकारीको आदेश वा निर्देशन मानिएको स्पष्टोक्तिले बलपूर्वक बेपत्ताको कसुरको औचित्य पुष्टि हुन सक्ने छैन भनी उल्लेख छ ।

## ८२. बलपूर्वक बेपत्ता भएका व्यक्तिहरूको सम्बन्धमा राज्यले कस्तो उपचारको व्यवस्था गर्नुपर्छ ?

उत्तर : यो महासन्धि अनुसार, राज्यको अख्तियारी, समर्थन वा सम्मति प्राप्त नगरेका व्यक्तिहरु वा व्यक्तिहरुका समूहहरुबाट गरिएका बेपात्ता पार्ने कार्यहरुको अनुसन्धान गर्न र त्यसका लागि जिम्मेवार रहेकाहरुलाई न्यायसमक्ष ल्याउनका लागि हरेक राज्यले उपयुक्त उपायहरु अपनाउनु पर्नेछ । साथै, हरेक राज्यले बलपूर्वक बेपत्तालाई आफ्नो फौजदारी कानुनमा अपराध कायम गर्न आवश्यक उपायहरु अपनाउनुपर्ने कुरा सन्धिमा उल्लेख छ । हरेक राज्यले बलपूवर्क बेपत्ताको कसुरलाई गम्भीरताका साथ उपयुक्त सजायहरुद्वारा दण्डनीय बनाउनुपर्छ ।

## ८३. बलपूर्वक बेपत्ता पार्ने कार्यलाई कस्तो प्रकारको अपराध भनिएको छ ? के यस्तो अपराधको हदम्याद हुन्छ ?

उत्तर : यस सन्धिले परिभाषा गरेअनुसार व्यापक र सुनियोजित रुपमा गरि एको बलपूर्वक बेपत्ताको कार्य मानवता विरूद्धको अपराध हुन्छ भनिएको छ । यसलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान (रोम विधान) १९९८ ले पनि 'मानवता विरूद्धको अपराध' भनी उल्लेख गरेको छ । फौजदारी कारबाहीको हदम्याद छैन तर यो कसुर अटूट रुपमा भइरहेको भन्ने पुष्टि हुनुपर्नेछ ।

# अन्तर्राष्ट्रिय मानवीय कानुन

## ८४. अन्तर्राष्ट्रिय मानवीय कानुन भन्नाले के बुझिन्छ ?

उत्तर : अन्तर्राष्ट्रिय मानवीय कानुन भन्नाले विशेष गरेर युद्ध वा सशस्त्र सङ्घर्षका बेल लागु हुने कानुनलाई भनिन्छ । यसले अन्तर्राष्ट्रिय वा राष्ट्रिय युद्ध वा सशस्त्र सङ्घर्षलाई नियमित गर्ने, युद्ध वा सशस्त्र सङ्घर्षबाट उत्पन्न हुने पीडा वा असरलाई कम गर्ने तथा प्रत्यक्ष रूपमा युद्ध वा सशस्त्र सङ्घर्षमा सहभागी नभएका र कुनै कारणवश युद्ध वा सशस्त्र सङ्घर्षमा भाग लिन असक्षम व्यक्तिहरूको सुरक्षा गर्नुका साथै उनीहरूका विरूद्धमा कुनै पनि अमानवीय व्यवहार गर्न रोक लगाएको छ । यसलाई युद्धको कानुन वा सशस्त्र द्वन्द्वको कानुन पनि भनेर चिन्ने गरिन्छ । त्यसैगरी युरोपेली राष्ट्र स्विट्जरल्यान्डको जेनेभा सहरमा पारित भएको हुनाले यी सन्धिहरूलाई जेनेभा महासन्धि पनि भन्ने गरिएको छ । अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रमुख स्रोत भनेको जेनेभा महासन्धिहरु र तिनका अतिरिक्त प्रलेखहरु हुन् ।

## ८५. प्रमुख जेनेभा महासन्धिहरू के–के हुन् ?

उत्तर : प्रमुख जेनेभा महासन्धिहरु यस प्रकार छन् :

**पहिलो महासन्धि** युद्ध मैदानमा घाइते तथा बिरामी भएका सैनिकहरूको अवस्था सुधारसम्बन्धी,

**दोस्रो महासन्धि** समुद्रमा घाइते, बिरामी र सङ्कटग्रस्त जहाजका सशस्त्र सेनाका सदस्यहरूको अवस्था सुधारसम्बन्धी,

**तेस्रो महासन्धि** युद्धबन्दीहरूसँग गरिने व्यवहारसम्बन्धी चौथो महासन्धि युद्धको समयमा गैरसैनिक व्यक्तिहरूको संरक्षणसम्बन्धी ।

## ८६. जेनेभा महासन्धिले विशेष गरी कसको सुरक्षामा ध्यान दिन्छ ?

उत्तर : जेनेभा महासन्धिले युद्धबाट पीडित भएकाहरूको सुरक्षाको प्रत्याभूति गर्दछ । जसले खासगरी सशस्त्र सङ्घर्षमा वा युद्धमा प्रत्यक्ष रूपमा भाग नलिने व्यक्तिहरू, जस्तैः बिरामी, घाइते भई लड्न असक्षम योद्धाहरू, थुनामा रहेका, हतियार बिसाएका योद्धाहरू र सर्वसाधारण नागरिकहरूको सुरक्षामा ध्यान दिन्छ ।

## ८७. जेनेभा महासन्धिको कस्तो महत्व रहेको छ ?

उत्तर : विशेष गरेर यो सन्धि युद्धका बेला आकर्षित हुने भएकोले विश्वमा युद्धबाट वा युद्धको कारणबाट बढ्दै गएको मानव पीडा र क्षतिलाई कम गर्न, युद्धलाई नियमित र व्यवस्थित गर्न, गैर नागरिकको संरक्षण गर्न अथवा पीडा उब्जन नदिनको निम्ति अन्तर्राष्ट्रिय जेनेभा महासन्धिको महत्व छ ।

## ८८. आन्तरिक सशस्त्र सङ्घर्षमा अन्तर्राष्ट्रिय मानवीय कानुनका कुनकुन दस्तावेजहरू प्रमुख रूपमा लागु हुन्छन् ?

उत्तर : आन्तरिक सशस्त्र सङ्घर्षमा जेनेभा महासन्धिको साझा धारा ३ र जेनेभा महासन्धिको दोस्रो अतिरिक्त प्रलेख प्रमुख रूपमा लागु हुन्छन ।

## ८९. जेनेभा महासन्धिहरूको धारा ३ लाई किन साझा धारा भनिएको हो ?

उत्तर : चारवटै जेनेभा महासन्धिहरूको धारा ३ मा आन्तरिक द्वन्द्व वा सशस्त्र सङ्घर्षमा द्वन्द्वरत पक्षहरूले पालना गर्नुपर्ने न्युनतम मानवीय व्यवहारहरू भएको एउटै प्रकारको कानुनी व्यवस्थाको उल्लेख गरिएको हुनाले जेनेभा महासन्धिहरूको धारा ३ लाई 'साझा धारा' भनिएको हो ।

## ९०. जेनेभा महासन्धिहरूको साझा धारा ३ अनुसार न्युनतम मानवीय व्यवहारहरू भित्र कस्ता कस्ता व्यवहारहरू पर्दछन् ?

उत्तर : जेनेभा महासन्धिहरूको साझा धारा ३ अनुसार युद्धरत पक्षहरूले पालना गर्नुपर्ने न्युनतम मानवीय व्यवहारहरू यस प्रकार रहेका छन् :

१. सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, घाइते अथवा बिरामी भई नजरबन्दमा अथवा अन्य कुनै कारणले लडाइँबाट अलग भएका व्यक्तिहरूलाई जाति, धर्म, विश्वास, लिङ्ग, जन्म, धन अथवा त्यस्तै आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा पनि गर्नुपर्ने मानवीय व्यवहार ।

२. बिरामी र घाइते व्यक्तिहरूको सङ्कलन गरी आवश्यक हेरचाह गर्नु पर्ने मानवीय व्यवहार ।

## ९१. जेनेभा महासन्धिहरूका साझा धारा ३ अनुसार गर्न नहुने व्यवहारहरू कुन–कुन हुन् ?

उत्तर : सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, घाइते अथवा बिरामी भई नजरबन्दमा अथवा अन्य कुनै कारणले लडाईबाट अलग भएका व्यक्तिहरूको विरूद्धमा निम्न व्यवहारहरू गर्नहुँदैनः

- हत्या, अंगभंग, यातना,
- बन्धक बनाउने,
- व्यक्तिगत मर्यादामा आघात पुऱ्याउने, विशेष गरेर अपमानजनक र होच्याउने व्यवहार,
- कानुन बमोजिम स्थापना भएको अदालतको निर्णय बिना दण्ड सुनाउन र त्यसलाई कार्यान्वयन गर्न ।

## ९२. जेनेभा महासन्धिको पालना क–कसले गर्नुपर्छ ?

उत्तर : युद्ध वा सशस्त्र द्वन्द्वरत पक्षहरूले जेनेभा महासन्धिको पालना गर्नुपर्दछ ।

## ९३. जेनेभा महासन्धिको पालना नगरेमा के कस्तो कारबाही हुन सक्दछ ?

उत्तर : मानवीय कानुनको पालना नगरेमा युद्ध अपराध वा मानवता विरूद्धको अपराधका साथै मानवको जीवन, स्वतन्त्रता र मर्यादाको उल्लङ्घन गरेको मानिन्छ र यस्तो अपराध गर्ने विरूद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतमा कानुनी कारबाही हुन सक्दछ ।

# आदिवासी जनताहरूको अधिकार

## ९४. अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ भन्नाले के के बुझिन्छ ?

उत्तर : अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धि नं. १६९ भन्नाले आदिवासीहरूको विशिष्ट पहिचान, संस्कृति र जीवन पद्धति लगायतका व्यापक अधिकारहरु समेटेको अन्तर्राष्ट्रिय सन्धि भन्ने बुझिन्छ । यो महासन्धिमा भूमि, भूभाग र स्रोत, आत्मनिर्णीत विकासका प्राथमिकताका अधिकारलाई स्वःव्यवस्थापन र सहव्यवस्थापनका रूपमा पहिचान गर्ने लगायतका प्रावधानहरु समेटिएका छन् । महासन्धिको अनुमोदन गरेपछि अन्तर्राष्ट्रिय कानुन अनुसार सम्बन्धित मुलुकले यसका प्रावधानहरूलाई राष्ट्रिय तहमा कार्यान्वयन गर्ने कानुनी दायित्व सृजना हुन्छ ।

## ९५. अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ लाई नेपालले कहिले अनुमोदन गरेको हो ?

उत्तर : अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ लाई नेपालले २०६४ साल भाद्र २८ गते अनुमोदन गरेको हो ।

## ९६. महासन्धि नं. १६९ अन्तर्गत राज्यको दायीत्व के हो ?

उत्तर : महासन्धि नं. १६९ अन्तर्गत आदिवासीहरूसँग परामर्श र उनीहरूको प्रतिनिधित्व गराएर संयन्त्रहरु बनाउने र सञ्चालन गर्ने, आदिवासीहरूसँग परामर्श गरेर परामर्शका लागि उपयुक्त संयन्त्र र प्रक्रियाहरु स्थापित

गर्ने, मुलुकको अन्य समुदायहरूसँग बराबरी हैसियतमा सबै अधिकार उपभोग सुनिश्चित गर्ने, आदिवासीहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरु पूर्णरूपमा उपभोग गर्न प्रबर्द्धन गर्ने, आदिवासीहरु र मुलुकका अन्य समुदायबीच विद्यमान सामाजिक आर्थिक दूरी अन्त्य गर्ने, र आदिवासीहरूका संस्थाहरूलाई प्रबर्द्धन र सहयोग गर्ने राज्यको मुख्य दायीत्वहरु हुन् ।

## १७. आदिवासीहरूको सहभागिता महासन्धि नं. १६९ मा कस्तो व्यवस्था गरिएको छ ?

उत्तर : महासन्धि नं. १६९ को धारा ६-१(ख) अनुसार सरकारले "सम्बन्धित समूहहरूले उनीहरूलाई सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि जिम्मेवार निर्वाचित संस्था तथा प्रशासनिक एवं अन्य अंगहरूको निर्णय लिने सबै तहहरूमा स्वतन्त्रतापूर्वक र कम्तीमा पनि जनसंख्याको अन्य समूहहरूले जत्तिकै सहभागी हुन पाउने माध्यमहरु निर्माण गर्नुपर्दछ" भनी व्यवस्था गरिएको छ ।

## राष्ट्रिय मानव अधिकार आयोग

(उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९

अनुसूची: १ उजुरीको ढाँचा

# उजुरी फाराम

(गोप्य रहने छ)

१. **पीडितको विवरण**

(क) नाम : ..............................

(ख) बुवाको नाम : .............................. (ग) आमाको नाम : ..............................

(घ) ठेगाना : स्थायी ठेगाना : ..............................

फोन नं. : .............................. मोबाइल : ..............................

हालको ठेगाना: ..............................

फोन मोबाइल: .............................. ई-मेल : ..............................

(ङ) लिङ्ग : पुरुष ☐ महिला ☐ अन्य ☐ (यदि अन्य हो भने खुलाउनुहोस्) ..............................

(च) वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐ सम्बन्ध विच्छेद भएको ☐ एकल ☐

(छ) राष्ट्रियता : .............................. (ज) उमेर : ..............वर्ष (झ) पेशा : ..............................

(ञ) जाति : .............................. (ट) बोलीचालीको भाषा : ..............................

(ठ) धर्म : ..............................(ड) शिक्षा : ..............................

(ढ) अपाङ्गता : छ ☐ छैन ☐ (यदि छ भने खुलाउनुहोस्)..............................

(ण) कुनै संगठनको सदस्यता: (ऐच्छिक)..............................

२. **उजुरीकर्ताको विवरण** (यदि उजुरीकर्ता पीडित होइन भने)

(क) नाम संगठन : ..............................

(ख) पूरा ठेगाना : ..............................

(ग) फोन मोबाइल : ..............................ई-मेल : ..............................

(घ) पीडितसँगको नाता सम्बन्ध :..............................बोलीचालीको भाषा : ..............................

३. **आरोपित पीडकको विवरण** (यदि तपाईं चिन्नुहुन्छ भने)

(क) आरोपित पीडकको नाम : .............................. (ख)संगठन कार्यालय :..............................

(ग) पद दर्जा : .............................. (घ)सम्पर्क ठेगाना :..............................

(ङ) फोन मोबाइल : ..............................ई-मेल : ..............................

(च) यदि पीडकलाई चिन्नुहुन्न भने पीडकको पहिचानका चिन्ह तथा विवरणहरू (जस्तो: लुगा, हुलिया, हतियारको प्रकार आदि) खुलाउनुहोस् ।

..............................

..............................

४. **मानव अधिकार उल्लंघनको विषय:** ..............................

५. **उजुरीको विस्तृत विवरण**

(क) घटनाको मिति: .............................. समय: ..............................बजे (ख) घटना भएको स्थान : ..............................

(ग) कृपया के कसरी घटना घट्यो र सो घटनाले कस्तो असर पार्‍यो विस्तृत रुपमा लेख्नुहोस् । (तपाईंको विवरण यसमा नअटाए पाना थप्न सक्नुहुनेछ)।

..............................

..............................

..............................

..............................

..............................

..............................

..............................

..............................

(घ) के उक्त घटनाबाट तपाईं विस्थापित हुनु भएको छ ? : छ ☐ छैन ☐

(ङ) के तपाईंले उक्त घटनाको सम्बन्धमा कुनै निकाय/संगठन जस्तै: अदालत, प्रहरी, शसस्त्र प्रहरी बल, नेपाल सरकार, रेडक्रस, गैर सरकारी संस्था आदिमा उजुरी गर्नुभएको छ ? छ ☐ छैन ☐ (यदि छ भने, कहाँ उजुरी गर्नुभएको छ र सो सम्बन्धमा के भइरहेको छ उल्लेख गर्नुहोला ।)

..............................................................................................................

..............................................................................................................

## ६. उजुरीसँग सम्बद्ध अन्य प्रमाणहरू

(क) के यो घटनाका कुनै साक्षी छन् ? छन् ☐ छैनन् ☐ (कृपया एकभन्दा बढी साक्षी भएमा पाना थप्नुहोस्)

साक्षीको नाम : ..............................................................................................

ठेगाना : .................................................................. फोन/मोबाइल: ..........................

साक्षीले दिनसक्ने सम्भावित सूचना: .........................................................................

..............................................................................................................

(ख) उजुरीलाई सहयोग पुऱ्याउने लिखत वा दसी प्रमाणहरू:

१. ........................................................ २. ........................................................

३. ........................................................ ४. ........................................................

(ग) उजुरीसँगै राखिएका प्रमाणहरू:

१. ........................................................ २. ........................................................

३. ........................................................ ४. ........................................................

## ७. माग गरिएको उपचार

(क) आयोगसँग कस्तो किसिमको उपचारको माग गर्नुहुन्छ ?

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

## ८. उजुरीकर्ताको हस्ताक्षर (मलाई थाहा भएसम्म यसमा लेखिएको व्यहोरा ठीक, साँचो हो ।)

हस्ताक्षर : ..............................

नाम : .............................................. मिति : ..............................

## उजुरी फाराम बुझाउन सकिने आयोगका कार्यालयहरू

ललितपुर : केन्द्रिय कार्यालय, हरिहरभवन, पुल्चोक, ललितपुर
पोष्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, **हटलाइन: ५०-१०-०००**
फोन: ०१-५०१००१५(हन्टीङ) फ्याक्स: +९७७-१-५५४७९७३, इमेल: nhrc@nhrcnepal.org

विराटनगर : क्षेत्रीय कार्यालय, विराटनगर
फोन: ०२१-४६१०९३, फ्याक्स: +९७७-२१-४६११००, इमेल: nhrcbrt@nhrcnepal.org

जनकपुर : क्षेत्रीय कार्यालय, जनकपुर
फोन: ०४१-५२७८११ फ्याक्स: +९७७-४१-५२७२५०, इमेल: nhrcjnk@nhrcnepal.org

पोखरा : क्षेत्रीय कार्यालय, पोखरा
फोन: ०६१-५५१८११, फ्याक्स: +९७७-६१-५४२०४२, इमेल: nhrcpkr@nhrcnepal.org

नेपालगंज : क्षेत्रीय कार्यालय, नेपालगंज
फोन: ०८१-५२६७०७, फ्याक्स:+९७७-८१-५२६७०६, इमेल: nhrcnpj@nhrcnepal.org

धनगढी : क्षेत्रीय कार्यालय, धनगढी
फोन: ०९१-५२५६२१ फ्याक्स: +९७७-९१-५२५६२३ इमेल: nhrcdhn@nhrcnepal.org

खोटाङ : उप-क्षेत्रीय कार्यालय, खोटाङ
फोन: ०३६-४२०२८४ फ्याक्स: +९७७-३६-४२०२८४ इमेल: nhrckht@nhrcnepal.org

बुटवल : उप-क्षेत्रीय कार्यालय, बुटवल
फोन: ०७१-५४६९११ फ्याक्स: +९७७-७१-५४६९११ इमेल: nhrcbtl@nhrcnepal.org

जुम्ला : उप-क्षेत्रीय कार्यालय, जुम्ला
फोन: ०८७-५२०२२२ फ्याक्स: +९७७-८७-५२०२२२ इमेल: nhrcjum@nhrcnepal.org

वेबसाइट: www.nhrcnepal.org

## महत्वपूर्ण जानकारीहरू

- कृपया यस फारामका सबै प्रश्नहरूको विवरण उल्लेख गर्नु भएको छ, छैन जाँच गर्नुहोस् ।
- यो फारामसँग सम्बद्ध प्रमाणहरू राखिएका छन् छैनन् सुनिश्चित गर्नुहोस् ।
- घटनासँग सम्बद्ध नयाँ सूचना पाउनुभएमा राष्ट्रिय मानव अधिकार आयोगमा सम्पर्क गर्नुहोला ।
- यदि तपाईंको ठेगाना परिवर्तन भएको छ भने राष्ट्रिय मानव अधिकार आयोगलाई सूचित गर्नुहोस् ।
- उजुरी दर्ता नम्बर लिनुहोस् र सुरक्षित साथ राख्नुहोस् ।

## केन्द्रीय कार्यालय


हरिहरभवन, ललितपुर
पोष्ट बक्स नं. : ९१८२, काठमाडौं
इमेल : nhrc@nhrcnepal.org
फोन नं. : ०१-५०१००१५, १६, १७, १८
वेब साइट : www.nhrcnepal.org
फ्याक्स : ०१-५५४७९७३, ५५४७९७५
हटलाइन : ५० १० ०००


## क्षेत्रीय कार्यालयहरू


बिराटनगर, बर्गाछी चोक
फोन नं. : ०२१-४६१९३१, ४६१०९३
फ्याक्स : ०२१-४६११००

जनकपुर, देवीमार्ग
फोन नं. : ०४१-५२७८११, ५२७८१२
फ्याक्स : ०४१-५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन नं. : ०६१-४६२८११, ४६२८२२
फ्याक्स : ०६१-४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन नं. : ०८१-५२६७०७, ५२६७०८
फ्याक्स : ०८१-५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन नं. : ०९१-५२५६२१, ५२५६२२
फ्याक्स : ०९१-५२५६२३


## उप-क्षेत्रीय कार्यालयहरू


खोटाङ, दिक्तेल
फोन नं. : ०३६-४२०२८४

रूपन्देही, बुटवल
फोन नं. : ०७१-५४६९११

जुम्ला, खलङ्गा
फोन नं. : ०८७-५२०२२२